# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रत्येक नागरिकका लागि शिक्षा जीवनको आधारशिला हो । यसले देश विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा शिक्षाको आधुनिक इतिहासलाई हेर्ने हो भने सर्वसाधारण जनताले शिक्षा प्राप्त गर्ने अवसर पाएको धेरै समय भएको पाइँदैन । देशको उच्च शासक वर्गका सन्ततीलाई शिक्षा दिने उद्देश्यले सरकारी विद्यालयको रुपमा सर्वप्रथम वि.सं. १९१० मा थापाथली दरवारमा अङ्ग्रेजी स्कुलको स्थापना भयो । यो नै नेपालको आधिकारिक विद्यालय हो । यसै विद्यालयलाई पछि दरवार हाइस्कुल भनियो । राणाशासन स्थापना भएको करिव आधा शताव्दीसम्म पनि देशमा शिक्षाको प्रचार प्रसार हुन सकेन । राणाशासन भित्र पनि देव शम्शेर जस्ता उदार शासक देखा नपरेका होइनन् । जसले देशमा शिक्षा विकासका लागि केही कार्यहरूमात्र गर्न के लागेका थिए तर उनका निरंकुश भाइहरूले उनलाई अगाडि बढ्न दिएनन् (रा.शि.प.यो., २०२८) ।

राणाहरूले देशमा विकास होस् भन्ने नचाहँदा नचाहँदै पनि उनीहरूका भित्रबाट केही हानाथाप र देखासेखीको भावनाले पनि विस्तारै ठाँउठाँउमा विद्यालयहरू स्थापना हुन थाले । भाषा पाठशाला र श्रेस्ता पाठशाला यसका उदाहरूणहरू हुन् । वि.सं. १९९६ मा जुद्ध शमशेरले शिक्षा सम्बन्धी इस्तिहार जारी गरेपछि विद्यालयहरू खोल्ने केही लहर चल्न थाल्यो ।

नेपालमा २००७ सालको क्रान्तिपछि शिक्षा प्रसारमा व्यापक लहर आयो । देशको सर्वाङ्गीण विकासका लागि शिक्षाको अपरिहार्यतालाई वास्तविक रुपमा महशुस गर्न थालिएको हुँदा

गाँउ टोल सहरमा स्थानीय जनताको सहभागितामा विभिन्न विद्यालयहरू खोल्न थाले । यसै क्रममा नेपालको शैक्षिक विकासमा नयाँ गति दिन नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ गठन भयो । यस आयोगले देशमा प्रशस्त मात्रामा खुलिरहेका विद्यालयहरू त्यसको संयोजन गर्न सकेन यसै क्रममा २०१८ सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भयो । जसले पनि देशैभर शैक्षिक विकासको गतिलाई  एकरुपता ल्याउन सकेन । पुनः २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो । यसले देशैभर छरिएर रहेका विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकमा एकरुपता ल्याउनका साथसाथै शैक्षिक क्षेत्रमा महत्वपूर्ण परिवर्तनहरू ल्यायो । यस पछि पनि २०३९, २०५५ सालमा क्रमशः शाही उच्च शिक्षा आयोग र उच्चस्तरीय शिक्षा आयोगहरू गठन भए । यिनीहरूले समेत शिक्षा क्षेत्रमा थप परिवर्तन र सुधारका लागि सुझावहरू दिए । यस अतिरिक्त नेपालको शैक्षिक विकासका लागि आधारभुत प्राथमिक शिक्षा परियोजना, सबैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार कार्यक्रम जस्ता कार्यक्रमहरू नेपालको वर्तमान प्राथमिक शिक्षाको भर्ना  र गुणात्मक स्तर वृद्धि गर्नका लगि विशेष जोड दिएको पाइन्छ । यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले समेत प्राथमिक शिक्षा सुधारका लागि थप सिफारिस गरेको पाइन्छ । यसरी २००७ साल तिर ३०० जति विद्यालयहरू स्थापना भएको नेपालमा  २०५५ तिर आउँदा हरेक टोल वस्तीमा प्राथमिक विद्यालयहरू स्थापना भएका छन् । तिनीहरूमा विद्यार्थी सङ्ख्या उल्लेख्य रहेको थियो । तर २०५५ देखि यता सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको स्थिति क्रमशः घटिरहेको पाइन्छ ।

सरकारी विद्यालयलाई समुदायद्वारा सञ्चालन गर्ने गरी समुदायलाई नै जिम्मेवारी दिने विषयमा सर्वप्रथम उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । यसपछि शिक्षा ऐन २०२८ (सातौं संशोधन, २०५८) मा व्यवस्था गरी

सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अघि सारेको छ । शिक्षा (आठौँ संशोधन) अध्यादेश २०६१ को दफा ११ (थ) मा भनिएको छ - कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानीय, व्यवस्थापन समिति वा संस्थालाई जिम्मा दिन सकिनेछ । त्यसरी व्यवस्थापन जिम्मा दिइएका विद्यालयलाई यस ऐनका अधिनमा रही एकमुष्ट अनुदान रकम दिइनेछ (सिटौला, २०६४) ।

देशमा प्रजातन्त्रको पुनर्स्थापना पछि विकास निर्माणका कार्यमा स्थानीय समुदाय र संघ संस्थालाई संलग्न गराउँदै लैजाने कार्यले तिव्रता पाएको छ । यस सन्दर्भमा स्थानीय समुदाय तथा संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने र तिनलाई सशक्त बनाउँदै लैजाने प्रयासहरू अघि बढाइएका छन् । स्थानीय तहका विकास कार्यका जनसमुदायको प्रभावकारी संलग्नता बढाउने हेतुले त्यस्ता कार्यक्रमहरूको योजना, व्यवस्थापन र सञ्चालनको अभिभारा तिनै समुदायलाई प्रदान गर्न विकेन्द्रीकरण सुधार प्रक्रिया प्रारम्भ गरिएको हो । सुधार केन्द्रित यही मूल नीति तथा यसका सिद्धान्तलाई मूर्त रूप दिन शिक्षा क्षेत्रमा विद्यालयको व्यवस्थापन समुदायलाई नै हस्तान्तरण गर्ने कार्यक्रम जन्मिएको हो । यस कार्यक्रमलाई साकार बनाउन र जनसमुदायमा स्थानीय शिक्षा र शिक्षालयप्रति इच्छा र आकांक्षा जागृत गर्न व्यवस्थापन समुदायमा हस्तान्तरित सामुदायिक विद्यालय सञ्चालन सम्बन्धी निर्देशिका पनि जारी गरिएको छ (सेरिड, २०६१) ।

समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ को पहिलो संशोधन २०६३ मा निम्न प्रस्तावना र उद्देश्य उल्लेख गरिएको छ :

प्रस्तावना : सामुदायिक विद्यालय व्यवस्थापनको सम्पूर्ण उत्तरदायित्व र अधिकार समुदायलाई प्रदान गर्नका लागि आवश्यक प्रक्रियाहरूको निर्धारण गर्न र यस सन्दर्भमा विभिन्न निकायहरूको भूमिका र उत्तरदायित्व सुनिश्चित गर्न नेपाल सरकारले यो कार्य निर्देशिका जारी गरेको छ ।

उद्देश्य : (क) समुदायद्वारा व्यवस्थापन हुने विद्यालयहरूलाई व्यवस्थापकीय अधिकार प्रदान गरी सञ्चालनका निमित्त स्वायत्तता सहितको अधिकार प्रदान गर्ने । (ख) समुदायद्वारा व्यवस्थापन हुने विद्यालयहरूको सन्दर्भमा विभिन्न निकायहरूको भूमिका स्पष्ट गर्ने र विद्यालयहरूको निरीक्षण र मूल्याङ्कन सम्बन्धी व्यवस्था किटान गर्ने (शर्मा, २०६३) ।

हाम्रो देशका प्राथमिक विद्यालयहरूमा एक दशक अघि सम्म विद्यार्थी भर्नाको चाप राम्रो थियो । जब सहरू बजार र गाउँतर्फ समेत संस्थागत विद्यालयहरू धेरै मात्रामा खुल्दै गए तब वालबालिकाका अभिभावकहरूको आकर्षण संस्थागत विद्यालयतर्फ बढ्दै गयो । बालवलिकाको भर्ना चाप सामुदायिक विद्यालयमा घट्दै आएको छ । जतिजति माथिल्लो कक्षामा गयो, त्यति विद्यालय छाड्ने गरेको पाइन्छ र विद्यालयमा विद्यार्थी संख्या घटेको छ । यसरी सामुदायिक विद्यालयको विद्यार्थी भर्नादर किन घट्दै गयो भन्ने परिप्रेक्ष्यमा खोटाङ जिल्लाको सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनमा यो शोधपत्र केन्द्रीत छ ।

## १.२ समस्याको कथन

विद्यार्थी देश निर्माणको भविष्य हो । विद्यालय विद्यार्थीका लागि खोलिन्छ । विद्यालयको विकास र सफलताको लागि विद्यार्थी संख्या महत्वपूर्ण तत्व हो । विद्यार्थीको संख्याले विद्यालयले गर्ने शैक्षिक क्रियाकलाप प्रभावित बन्ने गर्दछ, किनकी विद्यार्थीहरू नै विद्यालयका महत्वपूर्ण लगानी हुन् । यिनीहरू शिक्षा प्रणालीका कच्चा पदार्थ समेत हुन् । विद्यालयको शैक्षिक व्यवस्थापन प्रभावकारी भएमा मात्र गुणस्तरिय प्रतिफल प्राप्त हुन जान्छ । वर्तमान समयमा हाम्रो देशको सामुदायिक विद्यालयको प्रथमिक तहमा दिनानुदिन विद्यार्थी भर्नादर घटिरहेको छ । यसरी घटिरहेको विद्यार्थी भर्नादरले विद्यालयको शिक्षक दरवन्दी लगायत शिक्षण सिकाइको वातावरणमा असर पारेको छ । त्यसैले के कारणले सामुदायिक

विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर घटेको छ ? त्यसले के कस्ता असरहरू पारेको छ ? यस समस्यालाई कसरी समाधान गर्न सकिन्छ ? भन्ने मुलभूत प्रश्नहरूमा केन्द्रित भई यो अध्ययन गरिएको छ ।

विद्यार्थी विद्यालयको गहना हो । विद्यार्थी विनाको विद्यालय पानी विनाको समुन्द्र जस्तै हुन्छ । अहिले सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण घट्दो छ । अभिभावकहरूको रुचि संस्थागत विद्यालयप्रति बढिरहेको छ । यसले विद्यार्थी भर्नादरमा नकारात्मक असर पुऱ्याएको छ ।  सरोकारवालाहरूको ध्यान सामुदायिक विद्यालयप्रति जान सकेको छैन । यिनै समस्याहरूमा यो अध्ययन केन्द्रित रहेको छ ।

### १.३ अध्ययनको औचित्य

जुनसुकै देशको शिक्षा प्रणालीमा प्राथमिक तहको शिक्षाले महत्वपूर्ण स्थान ओगट्न सफल भएको पाइन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ । हाम्रो देशमा कुल शिक्षा बजेटको लगभग ५५ प्रतिशत रकम प्राथमिक तहको शिक्षाको लागि लगानी गरिन्छ । यसमा परिवारको समेत लगानी जोड्ने हो भने अझ बढी हुन आउँछ । प्राथमिक तह उच्च शिक्षाको आधारशिला भएकोले पनि नेपाल सरकारले बिशेष ध्यान दिएको पाइन्छ । साथै प्राथमिक तहमा गरिएको राष्ट्रिय लगानीको सामाजिक लाभ पनि तुलनात्मक रुपमा उच्च शिक्षामा भन्दा अधिक नै हुन्छ । त्यसैले प्राथमिक तहको शिक्षा सर्वव्यापी सरल र गुणस्तरीय एवं सर्वसुलव हुनु पर्दछ भन्ने विषयलाई सबै क्षेत्रवाट जोड दिएको पाइन्छ । हाम्रो प्राथमिक शिक्षा पूर्ण निःशुल्क गरिएको छ र पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइने बिभिन्न प्रकारका छात्रवृति, प्रोत्साहन आदिको व्यवस्था शिक्षाको पहुँच पुऱ्याउन खोजिएको छ । यति सुबिधा सरकारी तर्फबाट भएर पनि आज दिनप्रतिदिन सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीहरूको प्रवेश घट्दै गएको छ । यसरी घटिरहेको विद्यार्थी संख्याले विद्यालय व्यवस्थापनमा नराम्ररी असर पार्न थालेको छ । विद्यालयमा विद्यार्थी संख्या घट्न जानाले

शिक्षक दरबन्दी घटेर जाने, विद्यालयलाई आउने प्रतिविद्यार्थी अनुदान घट्ने जसका कारण विद्यालयको व्यवस्थापन अस्तव्यस्त हुने समस्याहरू आउने देखिन्छ ।

त्यसैले विद्यार्थी भर्नाको न्यूनताले आउने समस्याहरूको पहिचान गरेर आवश्यक सुधारका उपायहरू पत्ता लगाउन समेत यो अध्ययन गरेको हुँदा यस अध्ययनले अनुसन्धानको निष्कर्षबाट दिएका सुझावहरूले विद्यालय शिक्षासँग सरोकार राख्ने अभिभावक, शिक्षक, वि.व्य.स. जिल्ला शिक्षा कार्यलय, स्रोत केन्द्र लगायत सम्बन्धित अन्य निकायहरूलाई विद्यार्थी भर्नादर बढाउने कुरामा केही मात्रामा भए पनि सूचना दिने छ र आगामी कार्यक्रमहरूका लागि दिशा निर्देश गर्नेछ भन्ने अपेक्षा गरिएको छ । यस अध्ययनबाट शिक्षक, विद्यार्थी, वि.व्य.स., शि.अ.सं., अभिभावक तथा अन्य विद्यालयका सरोकारवालाहरूलाई विद्यार्थी संख्याका आधारमा विद्यालयसँग भएको बिबिध स्रोतहरूलाई अधिकतम परिचालन गरी योजना निर्माण गरी लागू गर्न सहयोग पुग्नका साथै विद्यालयप्रति अपनत्वको भावना विकास हुने र विद्यालयको संरक्षण सम्बर्धन गर्न सहयोग पुग्ने आशा गरिएको छ ।

### १.४ अध्ययनको उद्देश्य

१. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनको अवस्था पहिचान गर्नु ।

२. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना न्यूनीकरण हुनाका कारणहरू खोजी गर्नु ।

३. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनमा देखापरेका समस्याहरू पत्ता लगाउनु ।

४. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनमा देखापरेका समस्या समाधानका उपायहरू खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभाव सम्बन्धमा अध्ययनमा लागि स्थलगत भ्रमण, अवलोकन, प्रश्नावली, अन्तर्वार्ता र भेटघाटको माध्यमबाट निम्न अनुसन्धान प्रश्नहरूको जवाफ प्रष्ट गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

१. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनको अवस्था के कस्तो छ ?

२. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना न्यूनीकरण हुनाका कारणहरू के के छन् ? ।

३. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनमा देखापरेका समस्याहरू के-कस्ता छन् ?

४. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनमा देखापरेका समस्या समाधानका उपायहरू के कस्ता हुन सक्दछन् ? ।

## १.६ अध्ययनको परिसीमा

हरेक विषयमा अध्ययन गर्नका लागि निश्चित सीमामा बाँधिनु पर्ने हुन्छ किनकी कुनै विषयका सबै पक्ष, क्षेत्र एउटै समयमा अध्ययन गर्न सम्भव हुँदैन । त्यसैले यस अध्ययनलाई पूरा गर्नका लागि खोटाङ जिल्लाको भगवती दिनानाथ उच्च माध्यामिक विद्यालय खोटाङ बजार स्रोतकेन्द्र अन्तर्गत रहेका प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना व्यबस्थापन अध्ययन गर्न श्री भगवती दिनानाथ उच्च मा.वि. खोटाङवजार-९, श्री सावाकाली मा.वि. सावाकटहरे-९, श्री सावित्रा प्रा.वि. सावाकटहरे-४, श्री सावानागी नि.मा.वि. सावाकटहरे-२, गरी जम्मा ४ वटा विद्यालयमा सीमित रहको छ ।

यो अध्ययन प्राथमिक विद्‌यालयमा विद्यार्थी भर्ना व्यवस्थापनमा भएको समस्या र निराकरणका उपायहरूमा मात्र केन्द्रित रहेको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई सबै क्षेत्रमा सामान्यीकरण गर्न नसकिए तापनि सम्बन्धित क्षेत्रलाई आवश्यक जानकारी दिन सहयोग पुग्दछ ।

**१.७ मुख्य शब्दावलीको परिभाषा**

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अभिभावक भनी विद्यालय अभिलेखमा उल्लेख भएका व्यक्तिहरू वा शिक्षा नियमावलीले तोकेका व्यक्तिहरू ।

प्रधानाध्यापक : विद्यालयमा अध्यापन र व्यवस्थापन दुवै कार्य गर्ने, शिक्षकहरूमध्ये प्रमुख व्यक्ति ।

स्रोतव्यक्ति : तोकिएको स्रोतकेन्द्रमा रहेको निजी र सामुदायिक विद्यालयमा सहयोग र सहजीकरण गर्न कार्यलयको प्रतिनिधिको रुपमा प्र.अ.हरूले चयन गरेको व्यक्ति ।

विद्यालय निरिक्षक : विद्यालयका अनुगमन निरिक्षण तथा सुपरीवेक्षण गर्न सरकारी तवरबाट नियुक्त जिल्ला शिक्षा कार्यलयको कर्मचारी ।

विद्यालय व्यवस्थापन समिति : सामुदायिक विद्‌यालयको सञ्चालन, रेखदेख वा व्यवस्थापन गर्न प्रमुख जिम्मावारी पाएको समिति ।

शिक्षक अभिभावक संघ : सामुदायिक विद्यालयका शिक्षक र अभिभावक सदस्य रहेको समिति ।

शैक्षिक सत्र : विद्यालयमा अध्ययन, अध्यापन गराइने वार्षिक अवधि ।

कार्यान्वयन : वनाइएको योजना अनुसार नै कार्य गरी व्यवहारमा उतार्ने काम ।

वार्षिक कार्य तालिका : विद्यालयमा एक वर्ष भरिमा गरिने सम्पूर्ण कार्यक्रम, योजना, गतिविधि आदि सवैलाई समेटि वि.नि., स्रोतव्यक्ति, वि.व्य.स.को सल्लाहमा शिक्षकहरूको सहयोग लिएर प्र.अ.द्वारा निर्मित तालिका ।

सामुदायिक विद्यालय : नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय ।

संस्थागत विद्यालय : संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय ।

## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको अध्ययनका लागि त्यस विषयवस्तुबारे विगतमा भए गरेका लेख, रचना तथा विषय वस्तुसँग सम्बन्धित प्रतिवेदनको अध्ययन अनुसन्धान एवम् विश्लेषण गर्नु सान्दर्भिक हुने भएकाले यस अनुसन्धानलाई प्रभावकारी बनाउने शिलशिलामा यहाँ सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन सम्बन्धी पूर्व साहित्यहरूको अध्ययन गरी छुट्टाछुट्टै रूपमा अनुसन्धानात्मक समीक्षा गरिएको छ। हुनत अनुसन्धान गरिएको विषयमा धेरै सामाग्रीहरू पाउन सकिएन जे जति सामग्री प्राप्त भए त्यसको बारेमा निम्नानुसार विश्लेषण गर्ने प्रयास गरिएको छ।

ग्रानर सन् १९९८ ले “अ जोग्राफी अफ एजुकेशन इन नेपाल” नामक पुस्तकमा उल्लेख गरे अनुसार दुर्गम सामाजिक रुपले अत्यन्तै पिछडिएका अधिकांश जनसङ्ख्यालाई आधारभुत शिक्षा प्रदान गर्नमा विकासोन्मुख राष्ट्रहरू तल्लीन रहेको तथा नेपाल पनि यसमा सहभागी रहेको आशय व्यक्त गरेका छन्। यो लेख सरकारी नीतिमा पहिलो प्राथमिकता रहेको सन् १९८० देखि यता कक्षा १ देखि ५ सम्मको नेपालको प्रथमिक शिक्षामा केन्द्रित रहेको छ। यस लेखले देखाएको सर्वेक्षण र अध्ययन अनुसार सहरी ईलाकामा पहिलाको औसत साक्षरता १९.५ र पुरुषको साक्षरता ५७.५ प्रतिशत रहेको छ। यसको बहुसङ्ख्यक ग्रामिण जनसङ्ख्यामा महिलाको साक्षरता प्रतिशत १.१ र पुरुषको साक्षरता प्रतिशत १५.६ देखाउँछ। अझ देशको आधा जस्तो भु–भाग पश्चिम नेपालमा १० साक्षर व्यक्तिहरूमा १ जना मात्र महिला रहेको देखिन्छ। यो एउटा तथ्याङ्क मात्र नभएर लेखकले नेपालको करिब

८ वटा जिल्लामा १५ जना साक्षर व्यक्ति मध्ये १ जना मात्र महिला साक्षर रहेको देखिएको छ । काठमाडौँ उपत्यकामा मात्र प्राथमिक विद्यालयमा भर्ना हुने छात्र छात्राहरूको अनुपात १:१:२ को हाराहारीमा पाइन्छ । तर मध्य र सूदुर पश्चिमका जिल्लाहरूमा यो अनुपात अत्यन्तै फरक रहेको देखाउँछ । जहाँ ५ वटा जिल्लाहरूमा ५जना प्राथमिक विद्यालयका विद्यार्थीहरू मध्य १ जना मात्र महिला साक्षर रहेको देखाएका छन् ।

विद्यालय छाड्ने विद्यार्थीको दर कक्षा १ मा २१ प्रतिशत, कक्षा दोहोऱ्याउने दर ५२ प्रतिशत र कक्षा उत्तीर्ण गर्नेको दर ३८ प्रतिशत पाइन्छ । सफलतापूर्वक प्रथमिक तह उत्तीर्ण ३७ प्रतिशत र १० प्रतिशतले कक्षा नदोहोऱ्याउने प्राथमिक तह उत्तीर्ण गरेको पाइन्छ । दिन प्रतिदिन विद्यार्थी संख्यामा वृद्धि भइरहेको भएता पनि मुस्ताङ, ओखलढुङ्गा र कास्की जिल्लामा कक्षा १ मा विद्यार्थीको संख्या क्रमशः घट्दै गएको देखाउँछ ।

लेखकले आफ्नो लेख मार्फत स्पष्ट गरेका छन् की निजी तथा सामुदायिक विद्यालयमा विद्यालय जानुपूर्व विद्यार्थीलाई प्री स्कुल ट्रेनिङको व्यवस्था गरिनु पर्दछ । जसले स्कुले उमेर पूर्वका नानीहरूको हेरचाह गर्नका लागि विद्यालय जाने वच्चाहरूको बोझ घटाउनुमा मद्दत गर्दछ । वालबालिकालाई कक्षा छाड्न बाध्य नगराउनका लागि निम्न सुझावहरू गरेको पाइयो । राम्रो प्रेरणादायी कार्यक्रम सञ्चालनः शिक्षाको चेतनाबाट बञ्चित बालवालिकहरूलाई शिक्षा सम्बन्धी राम्रा राम्रा कार्यक्रमहरू समुदायमा सञ्चालन गर्नुपर्दछ । यी कार्यक्रमहरू यस समुदायका अशिक्षित मानिसहरूलाई अनिवार्य रुपमा समावेश गर्नु पर्दछ । नेपाल सरकार गैरसरकारी संघ संस्था तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरूले आर्थिक रुपमा कमजोर भएका परिवारलाई बढी रोजगारीको अवसर प्रदान गर्नु पर्दछ (भट्टराई, २०६५) ।

सबैका लागि शिक्षा विश्व अनुगमन प्रतिवेदन २००२ का अनुसार शिक्षा प्रणालीले सबै विद्यालयलाई सेवा पुऱ्याउन कति सक्षम छ भन्ने मापन गर्न विद्यालयको भर्नादर प्रमुख सूचक हो । कुल भर्नादरले विद्यालयमा तोकिएको तहमा रहेका विद्यार्थीहरूलाई उनीहरूको उमेरका बावजुद उपयुक्त उमेर समूहका बालवालिकाको पहिलो कक्षामा आधिकारिक उमेर भन्दा कम वा बढी उमेरमा सामेल भएमा वा कक्षा दोहोऱ्याउनेको खण्डमा कुल भर्नादर एक सय प्रतिशत भन्दा बढी पनि हुन सक्छ । विद्यालयमा भर्ना नभएका बालवालिकाको संख्या र भर्ना नहुने प्रवृति, खुद भर्नादरको स्तर र विद्यालय उमेरको जनसङ्ख्या दुवैमा निर्भर रहन्छ । तसर्थ जनसंख्या वृद्धिको उच्चदरको निरन्तर प्रभावले गर्दा खुद भर्नादर वृद्धि भएता पनि दक्षिण पश्चिम एशिया र उपसाहारा अफ्रिकाले विद्यालयमा भर्ना नभएका बालवालिकाको सङ्ख्या बढिरहेको महसुश गर्दछन् । सन् १९१९ मा विश्वभरी  विद्यालय भर्ना नभएका बालवालिकाको सङ्ख्या ११५.४ मिलियन थियो (सबैका लागि शिक्षा विश्व प्रतिवेदन, २०१२) ।

प्राथमिक शिक्षाको गुणात्मक विकास एक अध्ययन २०५१ अनुसार शिक्षा क्षेत्रमा विनियोजित रकमको झण्डै ५० प्रतिशत प्राथमिक शिक्षामा लगानी हुने गरेको छ । यसो हुँदाहुँदै पनि एकातिर कक्षा दोहोऱ्याउने र पढ्दा पढ्दै विद्यालय छाड्ने विद्यार्थीहरूको संख्या प्राथमिक तहमै बढी देखिन्छ भने अर्कोतिर शहरी क्षेत्रका वा शिक्षाको महत्व बुझेका अभिभावकहरू आफ्ना केटाकेटीहरू निजी क्षेत्रबाट संचालित विद्यालयहरूमा नै पढाउन चाहन्छन् । फलस्वरुप सार्वजनिक प्राथमिक विद्यालयहरूको शैक्षिक एवं शैक्षणिक अवस्था झन झन खस्कदै गएको पाइन्छ (सेरिड, २०५१) ।

शिक्षा विकास तथा अनुसन्धानका अनुसार एशियाको अरु देशसँग तुलना गरेर हेऱ्यौं भने हामी झन निरास हुन्छौं । सन् १९५६ मा एशियामा अनिवार्य निःशुल्क शिक्षा दिन कराँची

प्लान नामक योजना लागु गरियो । उक्त योजनाको लक्ष्य थियो ७ वर्षको प्राथमिक शिक्षा सबै बालबलीकाहरूलाई सन् १९८० भित्र उपलब्ध गराउने । उक्त योजना लागु भएपछि एशियाका धेरैजसो देशहरूले आफ्ना देशका बालवालिकाहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराउन सके, सकेनन् र त्यस पछि सन् १९९० मा सबैका लागि शिक्षा नामक विश्व सम्मेलन भयो । उक्त सम्मेलनले सन् २००० सम्ममा सबैलाई ५वर्ष सम्मको प्राथमिक शिक्षा उपलब्ध गराउने लक्ष्य राख्यो (शाक्य, २०६०) ।

नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावनाका अनुसार नेपालको सबैका लागि शिक्षा सम्बन्धि सन् १९९० मा थाइलेण्डको जेमनटेनमा भएको विश्व सम्मेलनमा भाग लिई सन् २००० सम्ममा ६–१० वर्ष उमेर समूहको सबै वालवालिकालाई प्राथमिक शिक्षाको अवसर दिइसक्ने प्रतिबद्धता व्यक्त गरेको उक्त लक्ष्य आंशिक मात्र पूरा भएको र सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चबाट २०१५ सम्म यो लक्ष्य पूरा गरी सक्ने पुनःप्रतिबद्धता व्यक्त गरेको छ (नेपाल, २०६४) ।

सबैका लागि शिक्षा विश्व अनुगमन प्रतिवेदन २००२ का अनुसार प्राथमिक शिक्षाको सहभागिताको मूल्याङ्कन गर्दा आई पर्ने एउटा समस्या भनेको आधिकारीक तथ्याङ्क (कुल भर्नादर तथा खुद भर्नादर हिसाब गर्ने आधार) ले यस्ता विद्यार्थी संख्या पनि समावेश गरेको हुन्छ जो औपचारिक रुपमा मात्र विद्यार्थी भनेर दर्ता भएका हुन्छन् तर उनीहरू विद्यालयमा उपस्थित हुन्छन् की हुँदैनन् भन्ने कुरा निश्चित हुँदैन । यस विषयलाई समिक्षा गर्न उपस्थिती दर सम्बन्धी भएको जानकारी नियमित रुपमा नभई घरधुरी सर्वेक्षण माध्यमबाट सङ्कलन गरिन्छ । उपस्थितिका बारेमा गरिएको अनुमान सरकारले उपलब्ध गराएको भर्ना सम्बन्धी तथ्याङ्कका आधारमा तयार भएको खुद भर्नादर सम्बन्धित तथ्याङ्क भन्दा पनि न्यून र कतिपय अवस्थामा अत्याधिक न्यून छ । २५ घरधुरीमा सर्वेक्षणबाट प्राप्त भएका

उपस्थिती दर र तिनका क्रमशः खुद भर्नादरको अनुमान भन्दा औसत १४ प्रतिशतले न्यून छ । यसले अधिकांश मुलुकमा भर्ना सम्वन्धी तथ्याङ्कको सत्यतामा प्रश्न उठाउछ जहाँ विद्यार्थी वर्षको प्रारम्भमा भर्ना त हुन्छन् तर त्यसपछि नियमित उपस्थित हुदैनन् (सवैका लागि शिक्षा विश्व प्रतिवेदन, २००२) ।

भक्तपुर जिल्लाको सार्वजनिक प्राथमिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूले बिचैमा पढाइ छाड्ने कारणहरू विकासको मेरुदण्ड मानिने शिक्षामा पहुँच पुग्न नसक्नु अवश्य नै चिन्ताको विषय हो । नेपालको शैक्षिक स्थितिलाई आँकलन गर्न गठन भएको नेपालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०१० ले तत्कालिन अवस्थामै पनि मुलुकभर शिक्षा फैलाउनका निमित्त निःशुल्क र अनिवार्य शिक्षा हुनुपर्छ भनी जोड दिएको थियो । यस कुरालाई नेपाल सरकारले आत्मासात गरी विभिन्न कार्यक्रम परियोजना मार्फत ठूलो धनराशी प्राथमिक शिक्षामा खर्च गर्दै आइरहेको छ । यसको परिणामस्वरुप प्राथमिक विद्यालयमा वर्षेनी विद्यार्थी संख्या बढ्नुको साथै विद्यालय संख्या पनि त्यतिकै बढेको पाइन्छ तर सरकारले गरेको खर्च बमोजिमको परिणाम हासिल हुन सकेको छैन । विविध कारणले गर्दा अझै २० प्रतिशत जति वालवालिका विद्यालय प्रवेश हुन सकेका छैनन् विद्यालय प्रवेश भएका विद्यार्थी मध्ये केही विद्यार्थीहरूले आफ्नो अध्ययन पूरा गर्न सकिरहेका छैनन् । हाम्रो जस्तो विकासोन्मुख राष्ट्रका लागि एउटा ठूलो चुनौती, राष्ट्रिय समस्या तथा क्षति हो (बखती, २०६१) ।

सन् २००० मा सेनेगलको राजधानी डकारमा बसेको विश्व शिक्षा मञ्चको बैठकले "सवैका लागि शिक्षा" को घोषणा पत्र र कार्य ढाँचा अघि सारिसकेको छ । सन् २०१५ सम्ममा ई.एफ.ए को लक्ष्य प्राप्त गर्न सबै बालबालिकाहरूलाई गुणस्तरिय प्राथमिक शिक्षा उपलव्ध गराउने प्रतिबद्धता हाम्रो देश नेपालले अंगिकार गरिसकेको छ । जस अनुसार नेपालको

प्राथमिक शिक्षा सुधार गर्न आफ्नो शिक्षा बजेटको आधा भन्दा बढी खर्च प्राथमिक तहमा गर्छ तर पनि प्राथमिक शिक्षाको गुणात्मक पक्ष सन्तोषजनक हुन सकेको छैन । प्राथमिक शिक्षा उमेरका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भएका छैनन् । विद्यालयमा भर्ना भएको विद्यार्थी मध्ये पनि बिचैमा विद्यालय छाड्ने अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने उल्लेखनीय भएकाले सो समस्या राष्ट्रको सामु जटिल समस्याका रुपमा उभिएको छ (शर्मा, २०६५) ।

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत विद्यालय व्यवस्थापनमा समुदायको भूमिका शीर्षकमा गरिएको अनुसन्धानको मुख्य उद्देश्य विद्यालय व्यवस्थापनमा समुदायको मुख्य भूमिका पहिचान गर्ने, समुदायको भूमिकामा सबल तथा दुर्बल पक्षको पहिचान गर्ने, समुदायको सहभागिता बढाउने उपायहरूको खोजी गर्ने र शिक्षामा समुदायको लगानीका मुख्य समस्याहरूको पहिचान गरी समाधानका उपायहरू बताउने रहेका छन् भने उक्त अध्ययन इटहरी नगरपालिकाको ग्रामीण क्षेत्रका ३ वटा सामुदायिक विद्यालयमा सम्पन्न गरिएको छ । उद्देश्यमूलक नमुना छनोट विधिबाट नमुनाहरूको छनोट गरी खोजमूलक र वर्णनात्मक विधिबाट अनुसन्धान गरिएको छ । विद्यालयको स्थलगत निरीक्षणका बेला केही मिश्रित समस्याहरू समेत रहेको पाइएता पनि समुदायमा हस्तान्तरण भएका विद्यालयहरूले ठूलो प्रगति गरेको देखिन्छ र भविष्यमा यिनीहरूको सुदृढ अवस्था हुनेछ भन्ने निष्कर्ष निकालिएको छ (सिटौला, २०६४) ।

"शैक्षिक सार्वजनिक लगानी" नामक लेखमा आर्थिक विकासका दृष्टिले शिक्षाको विस्तार अपरिहार्य छ । शिक्षालाई सामाजिक पूर्वाधार निर्माण गर्ने महत्त्वपूर्ण साधनका रूपमा मानिन्छ । त्यसैले यस क्षेत्रमा राष्ट्रले विशेष चासो देखाइ लगानी गर्ने गर्छ । नेपालमा राणाकालीन समय देखि नै शिक्षामा सरकारी लगानी सुरु भए पनि राष्ट्रिय पद्धतिको योजना

वि.सं. २०२८ सुरु भएपछि यसको प्रक्रिया व्यवस्थित हुन थाल्यो तर पछि त्यसमा पनि क्रमशः शिथिलता आयो । यस लेखमा शैक्षिक क्षेत्रमा सन् १९७४ देखि १९८७-८८ मा गरिएको सरकारको लगानीको चर्चा तथा विश्लेषणको पृष्ठभूमि यस क्षेत्रमा सार्वजनिक लगानीको उपादेयता माथि प्रकाश पार्नुका साथै त्यसतर्फ केही सुझावहरू समेत प्रस्तुत गरिएको छ । वि.सं. २०२८ मा सुरु भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले देशभरिका सम्पूर्ण विद्यालयहरूलाई सञ्चालनको एउटै आधार मानी विद्यालयको सञ्चालन तथा व्यवस्थापन सरकारले आफ्नो जिम्मा लिएपछि सार्वजनिक लगानी विद्यालयहरूबाट कटौती हुँदै गएको तितो यथार्थलाई स्पष्ट पारेका छन् । उनका अनुसार जबसम्म विद्यालयमा स्थानीय स्तरबाट चासो, लगानी र भूमिका रहँदैन, कुनै पनि विद्यालयको स्तर माथि उठ्न सक्दैन त्यसैले विद्यालय सञ्चालनको हकदार स्थानीय समुदायलाई पनि बनाउनु पर्दछ भनी निष्कर्ष निकालिएको छ ।

भोजपुर जिल्लाका माध्यमिक विद्यालयको शैक्षणिक अवस्थालाई आधार मानी गरिएको अनुसन्धान अनुसार सामुदायिक विद्यालयको प्र.अ. ले एक कुशल व्यवस्थापक, कुशल योजनाकार, कुशल प्रशासक, कुशल शैक्षिक नेताको भूमिका पूर्ण रुपले निर्वाह गर्न नसकेकै कारण वर्तमान अवस्थामा सामुदायिक विद्यालयको शैक्षिक अवस्था दिन प्रतिदिन कमजोर हुँदै गएको, एसएलसीको नतिजा न्यून हुने गरेको निष्कर्ष निकालिएको छ (राई, २०६९) ।

माथिको सन्दर्भलाई विश्लेषण गर्ने हो भने सामुदायिक विद्यालयहरूमा व्यवस्थापनमा हुने कमजोरीले विद्यार्थी भर्नामा समेत असर पर्नजाने विश्लेषण गर्न सकिन्छ ।

## २.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान कार्यलाई तथ्यपूर्ण एवम् सार्थक निष्कर्षमा पुऱ्याउन पहिले नै विश्वमा स्थापित वा स्वीकृत भइसकेको सर्वमान्य सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरू स्थापित सिद्धान्तबाट प्रमाणित भएको हुनुपर्छ । मान्यता प्राप्त सिद्धान्तहरूको सहयोगबाट नै नयाँ समस्याको सामाधानको विकल्पहरू खोज्न सम्भव हुन्छ । यहाँ विश्वव्यापी रुपमा स्थापित भएका केही सिद्धान्तहरूलाई समावेश गरिएको छ ।

**टायलर (१९११)** का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ  र कुन–कुन काम गर्न दिएमा उनीहरूले राम्रो किफायती ढंगले सम्पन्न गर्न सक्छन् ? भन्ने कुराको सही ढंगले जान्ने कला हो । टायलरका अनुसार कुनै पनि संघ संस्थामा उत्पादन बढाउन त्यहाँ काम गर्ने कामदारको कार्यक्षमता बढाउनु पर्छ । त्यसका लागि वैज्ञानिक विधि अन्तर्गत अवलोकन मूल्याङ्कन, परीक्षण, निचोड जस्ता तत्त्वहरूलाई कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रत्येक कामदारको कार्य क्षमता बढाउन परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ । व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग सम्बन्ध स्थापीत गर्नुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्दछ । बढी काम गर्नेलाई बढी ज्याला दिनु पर्दछ । यसरी टायलरको सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्य विश्लेषण, कार्य तथा कामदार उपयुक्त हुनुपर्ने जस्ता कुरामा जोड दिए । यस विधिले कार्य सम्पादनमा तिव्रता बढाउने, दक्षता बढाउन सहयोग र उत्प्रेरणा प्रदान गर्दछ (कोईराला र श्रेष्ठ, २०६२) ।

टेलरद्वारा प्रतिपादित वैज्ञानिक व्यवस्थापन सिद्दान्तका दृष्टिकोणहरू निम्नलिखित छन् :

क) जथाभावी रुपमा परम्परागत नियम र शैलीमा आधारित काम गर्ने चालचलनको सट्टा व्यवस्थित र तर्कपूर्ण र न्यायोचित तरिकाले विधिवत काम गर्ने वैज्ञानिक परिपाटीको थालनी गर्ने धारणालाई अगाडि ल्याइएको छ ।

ख) सङ्गठनमा कामगर्दा सबै तह र व्यक्तिहरूबिच मनमुटावको सट्टा एक आपसमा समझदारी र सहिष्णुता कायम गरी काम गर्ने गरेमा अत्यधिक प्रतिफलका साथ समयमा नै कार्य सुसम्पन्न गर्न सकिन्छ भन्ने विश्वास छ ।

ग) सङ्कीर्णता र व्यक्तिवादीताको सट्टा मानिसहरू बिच सम्वन्ध र सहकार्य भयो भने कार्यक्षमतामा बृद्दि र गुणात्मकता प्राप्त गर्न सकिन्छ भन्दै उनले यसलाई मानसिक क्रान्तिका रुपमा अगाडि सारेका छन् ।

घ) वैज्ञानिक व्यवस्थापनले सीमित र थोरै उत्पादन गर्ने शैलीको सट्टा बढी उत्पादन गर्ने कुरामा विश्वास गर्दछ । यसरी बढी उत्पादन गरियो भने कामदार तथा मालिक दुवैलाई फाइदा हुने भएकाले वितरणसम्बधी विवाद पनि स्वतः अन्त्य हुन जाने कुरालाई प्रष्ट्याइएको छ ।

ङ) कामदारको छनौट गर्दा उपयुक्त रुपले छनौट गर्ने, त्यसपछि तालिम दिने, काम गर्दा प्रशस्त सुबिधाहरू दिने, उचित कार्य विश्लेषण गर्ने गरेमा काम प्रति बढीभन्दा बढी लगनशील र मेहनती भई काम गर्दै प्रत्येक व्यक्तिमा यथेष्ट कुशलता र सफलताको विकास हुन्छ भन्ने उनको यो पाँचौ र अन्तिम सिद्धान्तका रुपमा लिइएको छ ।

**फोलेट (१८६८–१९३३)** का अनुसार उत्पादन बढाउने भवना र चाहना बुझेर कामदार र प्रशासक बीचको मानवीय सम्बन्ध बढाउनु पर्दछ । विभिन्न मनमुटाव, कलह समाप्त गर्नु पर्छ । मानवीय सम्बन्ध विकासका लागि सम्बन्धित अधिकारीले कामदार संख्या उनीहरूका

विचार, काम गर्ने तरिका बोध गरी अस्पष्ट भएका कुराहरू स्पष्ट हुनु पर्दछ । काम प्रति उत्प्रेरणा बढाउन कामको शुरुवातबाटै समन्वय गर्दै जानु पर्दछ । निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित वनाउदै कामदारलाई कार्यप्रति उत्प्रेरित गर्नुपर्छ । यसरी यो सिद्धान्तले विद्यालय संचालनमा शैक्षिक सुपरिवेक्षणको महत्व रहन्छ भन्नेकुरा पुष्टि हुन्छ (कोइराला र श्रेष्ठ, २०६२) ।

**चेष्टर आई वर्नाड (१८८६–१९६१)** का अनुसार व्यवस्थापनलाई व्यवहारवादी सिद्धान्तको रुपमा प्रयोग गर्नु पर्दछ । कामदारको मनोवैज्ञानिक एवम् व्यवहारिक अध्यायनबाट मात्र प्रशासनमा प्रभावकारिता आउँछ । उनका अनुसार सरङ्गठन एक औपचारिक रुप हो, संगठनले औपचारिक संस्थाको रुपमा मानवीय शक्तिलाई समन्वय गर्ने, एकिकृत गर्ने, सञ्चार गर्ने र उद्देश्य परिपूर्तिका लागि मानव साधनको परिचालन गर्ने जस्ता संगठनले औपचारिक काम गर्छ । यसरी वर्नाडका अनुसार एक्लैले हासिल गर्न नसकेका लक्ष्यहरूलाई काम र व्यक्तिहरूको व्यक्तिगत लक्ष्यसँग तुलना गर्न सके मात्र संगठन कुशलतासँग चल्न सक्छ । संगठनको मान्यतालाई पूरा गर्न प्रभावकारी तरिकाले कार्य सञ्चालन गर्न प्रत्येक व्यक्तिको अधिकार र मूल्यको विश्लेषणात्मक अध्यायन गर्न आवश्वक छ (कोइराला र श्रेष्ठ, २०६२) ।

### २.३ पुनरावलोकनको उपादेयता

कुनै पनि वस्तु, घटना सम्बन्धी अनुसन्धानका लागि विश्वव्यापी रुपमा स्थापित सिद्धान्तहरू र सम्बन्धित विभिन्न साहित्यहरूलाई आधार मानेर कुनै पनि अध्ययन अनुसन्धान गरिन्छ । वास्तवमा आर्थिक एवम् सामाजिक रुपान्तरणको आधारशिला शिक्षा हो । शिक्षा प्राप्त गर्ने औपचारिक थलो विद्यालय हो । विद्यालय उमेर समूहका बालबालिका विद्यालय भर्ना भए

मात्र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न सक्छ र शिक्षाको उद्देश्य पूरा हुन्छ। शिक्षा प्रणालीको प्रमुख एवम् महत्वपूर्ण लगानी नै विद्यार्थीहरू हुन्। यिनीहरू नै शैक्षिक प्रणालीका कच्चा सामग्रीहरू हुन्। त्यसैले शिक्षाको उद्देश्य पूरा गर्न र विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यार्थी भर्नाले महत्वपूर्ण भूमिका खेल्छ। यस अर्थमा टायलरले दिएको सिद्धान्तले कुनै पनि संघसंस्थामा कार्यरत कर्मचारीको कार्यक्षमतामा वृद्धि गर्नु पर्दछ भन्ने कुराले पनि विद्यार्थी भर्नामा सहयोग पुग्छ। यसै गरी फोलेटका अनुसार संघ संस्थामा उत्पादन बढाउन मानवीय सम्बन्ध विकास गर्नु पर्दछ। जति विद्यार्थी भर्नादर बढ्छ त्यतिकै मानवीय सम्बन्ध बढी व्यवस्थापन राम्रो हुनसक्छ।

अध्ययनको विषयक्षेत्र, उद्देश्य निर्धारण, नमुना छनोट, अनुसन्धान ढाँचा, अध्ययनका साधन, तथ्यांकको व्याख्या तथा विश्लेषण गरी शोधकार्यलाई सही बाटोमा डोऱ्याई निष्कर्षमा पुऱ्याउन अगाडि सम्पन्न गरेका साहित्यिक दस्तावेजले अत्यन्त गहन पृष्ठभूमि प्रदान गरेका छन्।

समग्रमा विद्यालयमा विद्यार्थीहरूको भर्नादरलाई अभिबृद्धि गर्न विभिन्न पूर्व साहित्यहरूले मद्दत गरेका छन्।

## परिच्छेद : तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गुणात्मक विधिमा आधारित रहेको छ। यस अध्ययनमा सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनको अवस्था र पविर्तनका वारे विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ। अध्ययनको उद्देश्य प्राप्तिका लागि सरोकारवालासँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता, प्रश्नावली, छलफल, अवलोकन तथा विद्यालयसँग भएका दस्तावेज तथा रेकर्डहरूको अध्ययन गरी प्राप्त सूचनाहरूलाई व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुग्न वर्णनात्मक ढाँचा अपनाइएको छ।

### ३.२. जनसङ्ख्या तथा नमुना

यस अध्ययनलाई पूरा गर्नका लागि खोटाङ जिल्ला अन्तरगतका २७ वटा स्रोतकेन्द्रहरू मध्ये खोटाङ बजार स्रोतकेन्द्रलाई मात्र लिइएको छ। खोटाङ बजार स्रोतकेन्द्र अन्तरगत १७ वटा विद्यालयहरू छन्। ती मध्ये अध्ययनमा नमुना छनौटमा परेका विद्यालयहरूबाट जम्मा २९ जनालाई जनसङ्ख्याको रुपमा सम्भावनारहित नमुना छनौट विधिबाट छनोट गरिएको छ। जसमा प्रत्येक विद्यालयको प्र.अ.१/१ गरी जम्मा ४ जना, वि.व्य.स. अध्यक्ष १/१ गरी जम्मा ४ जना,  शि.अ.सं. का अध्यक्ष १/१ गरी जम्मा ४ जना, शिक्षकहरू मध्येबाट २/२ गरी जम्मा ८ जना, र सम्बन्धित विद्यालयको अभिभावकहरूबाट २/२ गरी जम्मा ८ जना तथा स्रोतब्यक्ति समेत जम्मा २९ जनालाई यस अध्ययनको नमुना जनसङ्ख्याको रुपमा सम्भावनारहित नमुना छनौट विधिबाट छनौट गरिएको छ। यस अध्ययनमा निम्नानुसारको जनसङ्ख्या नमुना छनौट र विधिहरू रहेका छन् -

तालिका १

नमुना छनौट विवरण

| क.सं. | विवरण | जम्मा जनसंख्या | नमुना जनसंख्या | नमुना छनौट विधि |
|---|---|---|---|---|
| १. | विद्यालय | १७ | ४ | उद्देश्यमूलक |
| २ | प्र.अ. | १७ | ४ | उद्देश्यमूलक |
| ३. | शि.अ.सं. अध्यक्ष | १७ | ४ | उद्देश्यमूलक |
| ४. | शिक्षक | ७५ | ८ | सामान्य संभावनायुक्त |
| ५. | अभिभावक | ६८८ | ८ | सामान्य संभावनायुक्त |
| ६. | बि.व्य.स. अध्यक्ष | १७ | ४ | उद्देश्यमूलक |
| ७. | स्रोतब्यक्ति | १ | १ | उद्देश्यमूलक |

स्रोतः स्थलगत अध्ययन, २०७२ ।

शोध अध्ययन कार्य व्यापक क्षेत्रमा गर्न सम्भव हुदैन, त्यसैले अध्ययनको व्यापक क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी नमुना छनौट गर्नुपर्ने हुन्छ । यो अध्ययन खोटाङ जिल्ला अन्तर्गत भ.दि.उ.मा.वि. स्रोतकेन्द्र भित्र रहेको सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन सम्बन्धी सीमित रहेको छ । यस स्रोतकेन्द्रमा जम्मा १७ वटा विद्यालयहरू मध्येबाट श्री भगवती दिनानाथ उच्च मा.वि. खोटाङ वजार-७, श्री सावाकाली मा.वि. सावाकटहरे-९, श्री सावानागी नि.मा.वि. सावाकटहरे-२, श्री सावित्रा प्रा.वि. सावाकटहरे-४, गरी जम्मा ४ ओटा विद्यालयलाई नमुनाको रुपमा सम्भावनारहित नमुना छनौट विधि अन्तर्गत सुविधाजनक नमुना छनौट विधिबाट छनौट गरिएको छ । यस अध्ययनका लागि आवश्यक सूचना सङ्कलन गर्न तोकिएको नमुनाको आकार छनौट गर्दा प्र.अ., शि.अ.सं. अध्यक्ष, वि.व्य.स. अध्यक्ष तथा स्रोतब्यक्तिलाई उद्देश्यमूलक छनौट विधि, शिक्षक र अभिभावकलाई

सामान्य संभावनायुक्त नमुना छनौट विधि अन्तरगतको चिठ्ठा प्रणालीद्वारा छनौट गरिएको छ ।

अध्ययनका लागि नमुना छनौट गर्दा कुल जनसङ्ख्यालाई समेट्ने गरी प्रतिनिधिमूलक जनसङ्ख्यालाई लिनुपर्ने मान्यतालाई आधार मानी नमुना छनौट गरिएको छ । विशेष गरेर जनसङ्ख्या भित्रका सामुदायिक विद्यालयका अनुभवी एवम् समस्यासंग परिचित र स्पष्ट प्रतिक्रिया दिन सक्ने क्षमता भएका साथै भू-बनोट जस्ता कुरालाई आधार मानी नमुना छनौट गरिएको छ ।

### ३.३ अध्ययन क्षेत्र

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि खोटाङ जिल्लाको भगवती दिनानाथ उच्च माध्यामिक विद्यालय स्रोतकेन्द्र अन्तरगतको श्री भगवती दिनानाथ उच्च मा.वि. खोटाङ वजार-७, श्री सावाकाली मा.वि. सावाकटहरे-९, श्री सावानागी नि.मा.वि. सावाकटहरे-२, श्री सावित्रा प्रा.वि. सावाकटहरे-४, गरी जम्मा ४ ओटा विद्यालयमा भएका विद्यार्थी भर्ना व्यवस्थापनको स्थिती कस्तो रहेको छ ? सामुदायिक विद्यालयको भर्ना व्यवस्थापनका समस्याहरू के छन् ? विद्यालयमा न्यून विद्यार्थी भर्नाका कारण के कस्तो असर पारेको छ ? भन्ने बारेमा अध्ययन गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

यस अध्ययनका उद्देश्य पूरा गर्नका लागि अर्न्तवार्ता अनुसूची, प्रश्नावली, समूह छलफल, दस्तावेज पुनरावलोकन, अवलोकन फारम आदि जस्ता साधनहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएकोछ । यस अध्ययनमा प्रयोग गरिने साधनहरू निम्न अनुसार उल्लेख गरिएको छ ।

### ३.४.१ अन्तर्वार्ता अनुसूची

यस अध्ययनमा नमुना जनसङ्ख्या भित्रका अभिभावकहरू तथा शिक्षकहरूबाट आवश्यक सूचना सङ्कलन गर्न छुट्टाछुट्टै अन्तर्वार्ता अनुसूची तयार गरी सम्बन्धित विद्यालयमा नै गएर अन्तर्वार्ता लिइएको छ। उत्तरदाताबाट आएको उत्तरलाई टिपोट गरी सूचना सङ्कलन गरिएको छ। अन्तर्वार्ता अनुसूचीलाई अनुसूची १ र २ मा राखिएको छ।

### ३.४.२ प्रश्नावली

यस अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयका अभिभावकहरू, वि.व्य.स. अध्यक्षहरू र शि.अ.सं.का अध्यक्ष, प्रधानाध्यापक, शिक्षकहरू तथा स्रोतब्यक्तिबाट आवश्यक सूचना लिन प्रश्नावलीको प्रयोग गरिएको छ। प्रश्नावली उत्तरदाता सामु अनुसन्धानकर्ता स्वयम्ले भेटेर दिइएको छ। प्रश्नावलीलाई अनुसूची ३ देखि ७ सम्म राखिएको छ।

### ३.४.३ दस्तावेज पुनरावलोकन

नमुना छनौटमा परेका विद्यालयबाट आवश्यक जानकारी सङ्कलन गर्न सम्बन्धित विद्यालयमा गएर प्र.अ.सँग अनुमति लिई विद्यालयको फ्लास रिपोर्ट, रेकर्ड फायलहरू, अभिलेख, योजना पुस्तिका, अभिभावक भेलाका निर्णय, शिक्षक स्टाफ, वि.व्य.स. तथा शि.अ.सं.को बैठक निर्णयहरू आदिको पुनरावलोकन गरी सूचना सङ्कलन गरिएको छ।

### ३.४.४ अवलोकन फाराम

अध्ययनलाई अगाडि बढाउनका लागि विभिन्न भौतिक वस्तुको अवलोकन गरी त्यसको रेकर्ड राख्न अवलोकन फाराम तयार गरी प्रत्येक विद्यालयमा पालैपालो अवलोकन गरिएको छ। अवलोकन फाराम अनुसूची ८ मा समावेश छ।

### ३.४.५ समूह छलफल

अध्ययनलाई अगाडि बढाउन अलग अलग विद्यालयका छुट्टाछुट्टै समूह निर्माण गरी प्र.अ.का अनुमति अनुसार विद्यालयमा नै गएर समूह छलफल निर्देशिकाका आधारमा छलफल गरिएकोछ। छलफलका लागि नमुना छनौटमा परेका व्यक्तिलाई निर्धारित समयमा विद्यालयमा बोलाउन सम्बन्धित विद्यालयको प्र.अ.लाई अनुरोध गरिएको छ। यस छलफलमा विद्यालयका प्र.अ., वि.व्य.स., शि.अ.सं., शिक्षक, शिक्षाप्रेमी अभिभावकलाई एकै समूहमा भेला गराई पालैपालो धारणा राख्ने मौका दिइएको छ। जसमा विद्यालयको भौतिक स्रोत सङ्कलन तथा परिचालन, अभिभावकको भूमिका, समस्याहरू समाधानका उपायहरू आदिमा केन्द्रित रहने गरी निर्देशिका तयार गरिएको छ। निर्देशिका अनुसूची ९ मा समावेश गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि नमुनामा परेका विद्यालयहरूमा अनुसन्धानकर्ता स्वयम् पुगेर भेटघाट तथा अवलोकनबाट प्रत्येक विद्यालयमा गएर अनुसूची अनुसारका अवलोकन फाराम भरी सूचना सङ्कलन गरिएको छ। प्र.अ. तथा शिक्षकहरूलाई सामुहिक रुपमा भेटेर अध्ययनको उद्देश्य स्पष्ट पार्दै प्र.अ.बाट अनुमति लिएर अन्तर्वार्ता अनुसूची अनुसार प्रश्न गर्दै आएका उत्तरहरू टिपोट गरिएको छ साथै शिक्षक तथा अभिभावकहरूलाई भेटेर प्रश्नावली वितरण गरिएको छ। साथै अनुरोध सहित भर्न लगाइएको छ। वि.व्य.स.अध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्षलाई प्र.अ.मार्फत विद्यालयमा बोलाएर जानकारी गराइएको छ र प्र.अ.कै प्रक्रियाबाट तथ्याङ्क सङ्कलन गरिएको छ। समूह छलफलका

लागि वि.व्य.स., शिक्षक, शि.अ.सं., अभिभावकहरूलाई प्र.अ.मार्फत भेला गराई निर्देशिका अनुसार विद्यालय परिसर भित्रै पालैपालो छलफल गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अध्ययन बर्णनात्मक विधिमा आधारित भएकाले अनुसन्धान प्रश्न र उद्देश्यमा केन्द्रित रही नमुना छनौटमा परेका जनसङ्ख्यासँग गरिएको अन्तर्वार्ता प्रश्नावली, समूह छलफल, दस्तावेज पुनरावलोकन, अवलोकन जस्ता प्राथमिक र सहायक स्रोतबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । विभिन्न समूहमा परेका परिमाणात्मक तथा गुणात्मक सूचनाहरूलाई विषय, प्रकृति र क्षेत्र अनुसार उप समूह बनाई व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

यसरी वर्गीकरण गरिएका तथ्याङ्कहरूलाई पुनर्स्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयको विद्यार्थी व्यवस्थापनको अवस्था माध्यमिक तहमा विद्यार्थी व्यवस्थापन पश्चात् वि.व्य.स. तथा अभिभावकले खेलेको भूमिका, व्यवस्थापन प्रक्रियामा शिक्षकको धारणा, विद्यार्थी व्यवस्थापन पछि विद्यालयमा र विद्यार्थीमा परिवर्तनहरू शैक्षिक प्रक्रियामा पारेको प्रभाव, विद्यार्थी व्यवस्थापनका समस्याहरू तथा समाधानका उपायहरूको विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद : चार

## नतिजाको छलफल

तथ्याङ्कलाई केलाउने र विश्लेषण गर्ने क्रममा खोटाङ जिल्लाको खोटाङ बजार स्रोतकेन्द्र भित्र नमुनाका रुपमा लिइएका सामुदायिक विद्यालयहरूको विद्यार्थी भर्नाको वर्तमान अवस्था, विद्यार्थी भर्ना न्यूनीकरण हुनाका कारणहरू, विद्यार्थी भर्ना व्यवस्थापनमा देखा परेका समस्याहरू र विद्यार्थी भर्ना व्यवस्थापनमा देखा परेका समस्याको समाधान गर्ने उपायहरू जस्ता शीर्षकहरू भित्र रही व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१ सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको वर्तमान अवस्था

सामुदायिक विद्यालयमा रहेको विद्यार्थीहरूको भर्नाको स्थितिलाई निम्नानुसार उल्लेख गरिएको छ -

### ४.१.१ कक्षागत विद्यार्थी भर्ना विवरण

कुनै पनि विद्यालयमा विद्यार्थीहरू लगानीका रुपमा रहेका हुन्छन् । जतिसुकै भौतिक सुविधा, गुणस्तरिय शिक्षक अनि राम्रो शैक्षिक व्यवस्थापन भएता पनि विद्यालयमा विद्यार्थी नै भएनन् भने त्यसको कुनै अर्थ हुँदैन । त्यसकारण विद्यालयमा विद्यार्थीहरूको भर्ना भएमा मात्र शैक्षिक प्रणाली सुचारु रहन्छ ।

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी सङ्ख्या घटेको छ वा बढेको छ हेर्नका निमित्त शोधकर्ता स्वयम् विद्यालयको स्थलगत अध्ययनका लागि नमुना भित्र रहेका विद्यालय गई विद्यार्थी सङ्ख्या विगत ३ वर्षको तथ्याङ्क लिने काम गरियो, जसलाई अनुसुची १२ मा प्रस्तुत गरिएको छ ।

भर्ना अभिलेखलाई अध्ययन र व्याख्या विश्लेषण गर्दा हरेक शैक्षिक वर्षमा केही न केही विद्यार्थी सङ्ख्या घटेको नै देखिन्छ । यसरी विद्यार्थी सङ्ख्या विद्यालयहरूमा घटिरहनुका पछाडि के-के तत्वहरूले असर गरेको छ भन्ने कुरा अध्ययन गर्नै पर्ने हुन्छ ।

### ४.१.२ विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरूको विश्लेषण

सामुदायिक विद्यालयमा विद्यार्थी भर्नालाई बिभिन्न तत्वहरूले प्रभाव पार्ने गर्दछन् । यहाँ शोधकर्ता स्वयम्को स्थलगत अध्ययन, शिक्षक, अभिभावक, वि.व्य.स., प्र.अ. र स्रोतव्यक्तिहरूसँग गरिएको प्रश्नावलीका उत्तरहरूबाट वर्तमान अवस्थामा विद्यार्थी भर्नादरमा प्रभाव पार्ने मुख्य तत्वहरू के के हुन् ? भनी सोधिएका प्रश्नहरूमा निम्न अनुसार उत्तर प्राप्त भएको छ ।

तालिका २

विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरूको प्राप्त विवरण

| उत्तरहरू | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | | अभिभावक | | कुल संख्या | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| आर्थिक | १ | २०% | १ | १०% | १ | २०% | १ | १०% | ४ | १२.५% |
| सामाजिक | | | | | | | १ | १०% | १ | ३.१२% |
| पारिवारिक | | | १ | १०% | १ | २०% | १ | १०% | ३ | ९.३७% |
| शैक्षिक | | | २ | २०% | १ | २०% | | | ३ | ९.३७% |
| अन्धविश्वाश | | | | | | | १ | १०% | १ | ३.१२% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वोर्डिङतर्फको आकर्षण | २ | ४०% | ६ | ६०% | २ | ४०% | ५ | ५०% | १५ | ५३.१२% |
| सेवा क्षेत्रको जनसङ्ख्या | | | | | | | | | १ | ३.१२% |
| द्वन्द | १ | २०% | | | | | १ | १०% | २ | ६.२५% |

स्रोत : स्थलगत अध्ययन, २०७२ ।

माथिको तथ्याङ्कले अभिभावक, शिक्षक, प्र.अ., वि.व्य.स. सँग गरिएको प्रश्नावली र त्यसबाट प्राप्त भएको विवरणले अभिभावकको बोर्डिङ तर्फको आकर्षणलाई भर्नादरलाई प्रभाव पार्ने मुल तत्व मानेको छ । यसैगरी आर्थिक, पारिवारिक, शैक्षिक, सामाजिक, द्वन्द र सेवा क्षेत्रको जनसङ्ख्या समेतले भर्नादरमा केही न केही प्रभाव पारेको देखियो । यस सेवाक्षेत्रमा रहेका टाठा बाठा अभिभावकहरू आफ्ना बालवलिकालाई राम्रो ठाँउमा पढाउने उद्देश्य राख्ने हुनाले आफ्नो आर्थिक स्थिति राम्रो हुनेहरूले नजिकैको सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना नगराई बोर्डिङतर्फ सदरमुकाम वा अन्यत्र लाने गरेको पाइन्छ भन्ने धारणा माथिको तथ्याङ्कको ५३.१२ प्रतिशतबाट पुष्टि भयो ।

यो शोधकर्ताले गरेको शोधकार्य पहाडी क्षेत्र भएको र त्यस क्षेत्रमा बसोवास गर्ने अधिकांश अभिभावकको आर्थिक स्थिति कमजोर रहेको कारण पनि जेनतेन छोरालाई विद्यालय पठाउने र छोरीलाई घरको काम लगाउने गरेको पाइन्छ । यसरी पनि भर्नादर आर्थिक स्थितिले १२.५ प्रतिशत प्रभावित भएको पाइयो ।

यस क्षेत्रमा बसोवास गर्ने अभिभावकहरू सामाजिक रुपले पिछडिएको अवस्था देखिन्छ । अधिकांश अभिभावकहरू खेतिपाती गर्ने, घरको कामलाई बढी महत्व दिने र भ्याएका बेला

मात्र विद्यालय पठाउने परिपाटी रहेको छ । विद्यालय गएकाहरू पनि प्राथमिक तह पूरा नगर्ने र वीचैमा पढाई छाड्ने र विद्यार्थी सङ्खया घट्ने समस्या काहाली लाग्दो समस्या देखिन्छ । तथापी सामाजिक परिवेशले ३.१२ प्रतिशतले भर्नादर प्रभावित भएको पाइयो । अधिकांश परिवारमा खाने लाउने समस्या भएको र दैनिक ज्याला मजदुरी गरी बिहान बेलुका खाना खानुपर्ने बाध्यता रहेको कारण त्यस्ता परिवारको विद्यालय जाने र पढ्ने कुरामा ध्यान पुगेको देखिँदैन । पारिवारिक कारणले विद्यार्थी भर्नादरमा ९.३७ प्रतिशतले प्रभावित पारेको पाइयो । ग्रामिण क्षेत्रमा रहेका अधिकांश वस्तीका अभिभावकहरू अझ पनि उनीहरूले शिक्षाको महत्व राम्ररी बुझेका छैनन् । धेरैजसो शिक्षाका बारेमा चासो राख्नु भन्दा पनि खेतिपाती, पशुपालन र अन्य धन्दामै अलमलिएको पाइन्छ ।  त्यसैले गर्दा आफ्ना नानीहरूलाई विद्यालय भर्ना गराउने कुरामा खासै ध्यान दिँदैनन् । परिवारमा शिक्षित अभिभावक नभएका कारण भर्नादरमा ९.३७ प्रतिशतले प्रभाव पारेको पाइयो । परम्परागत सोच र धारणा भएको अभिभावकले पनि आफ्ना बच्चाहरूलाई विद्यालय भर्ना नगरेको पाइन्छ । अन्धविश्वाका कारण भर्नादरमा ३.१५ प्रतिशतले प्रभावित भएको पाइयो । सेवा क्षेत्रको जनसङ्ख्याको स्थितिले समेत प्रभाव पार्ने स्पष्ट छ । जहाँ वस्ती बाक्लो छ त्यहाँ विद्यार्थी बढी हुने र बस्ती पातलो भएका ठाँउमा विद्यार्थी भर्ना कम हुने देखिन्छ । सेवा क्षेत्रको जनसङ्ख्याले विद्यार्थी भर्नादरमा ३.१२ प्रतिशतले प्रभावित पारेको पाइयो । द्वन्दका कारणले समेत भर्नादरमा ६.२५ प्रतिशतले प्रभावित पारेको पाइयो ।

माथिको तथ्यबाट यो विश्लेषण गर्न सकिन्छ कि अध्ययन गरिएका विद्यालयमा हरेक शैक्षिक वर्षमा केही न केही विद्यार्थी सङ्ख्या घटिरहेको पाइन्छ । विद्यार्थी सङ्ख्यामा कमी हुँदा त्यसले शैक्षिक व्यवस्थापनमा बहु आयामिक प्रभावहरू पर्न जाने विश्लेषण गर्न सकिन्छ ।

### ४.२ विद्यालयमा विद्यार्थी भर्ना न्यूनीकरण हुनाका कारणहरू

विद्यालयहरूमा विद्यार्थी भर्ना न्यून हुनका कारणहरू के के हुन् ? भन्ने प्रश्नहरूको जवाफमा शिक्षक, वि.व्य.स.पदाधिकारी, प्र.अ.र श्रोत व्यक्तिबाट निम्न अनुसारका उत्तरहरू प्राप्त भएका छन् ।

तालिका ३

विद्यालयमा विद्यार्थी भर्ना न्यून हुनाका कारणहरू

| सि. न. | उत्तरहरू | शिक्षक | | प्र.अ. | | स्रोत व्यक्ति | | कुल संख्या | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | शिक्षक दरवन्दी नभएर | ६ | ६०% | १ | ६०% | १ | ५०% | ८ | ४७.०५% |
| २ | प्रति वच्चा अनुदान घट्ने | ३ | ३०% | ३ | ६०% | १ | ५०% | ७ | ४१.१७% |
| ३ | कक्षागत शिक्षकको कमि | १ | १०% | १ | २०% | - | - | २ | ११.७६% |
| ४ | शिक्षण सिकाई सामाग्रीको अभाव | - | - | - | - | - | - | - | - |

स्थलगत अध्ययन, २०७२ ।

मौजुदा नेपालको शिक्षा ऐन र नियमावली अनुसार प्रति ४० विद्यार्थीमा एक जना शिक्षकको दरवन्दी हुने हुँदा विद्यालयमा विद्यार्थी भर्ना घट्दै गए स्वतः दरवन्दी घट्न जाने वर्तमान परिपाटी रहेको कारण शिक्षक दरवन्दी घट्ने माथिको तथ्याङ्कले ४७.१५ प्रतिशत

व्यक्तिहरूको धारणा प्राप्त भयो । अहिले वर्तमान अवस्थामा प्रत्येक विद्यालयमा दिइने अनुदान र खर्चहरू त्यस विद्यालयमा रहेको विद्यार्थी सङ्ख्याको आधारमा निकासा हुने भन्ने कुरा प्र.अ., शिक्षक र स्रोतव्यक्ति बताउनुहुन्छ । त्यसो भएको हुनाले जति विद्यार्थी सङ्ख्या कम हुदै जान्छ त्यति नै विद्यालयमा आउने पि.सि.एफ. अनुदान, छात्रवृत्ति, प्रशासनिक खर्च घट्ने भएकाले पनि विद्यालय संचालनमा ठूलो समस्या आउने धारणा माथिको तथ्याङ्कले स्पष्ट गरेको छ । यसका कारण प्रति बच्चा अनुदान ४१.१७ प्रतिशतले व्यक्तिहरूको धारणामा घट्दै जाने राय आएको छ ।

प्राथमिक तह भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म बुझिन्छ । कतिपय विद्यालयहरूमा बालकक्षा कतिपय विद्यालयहरूमा नर्सरी कक्षा समेत संचालनमा रहेको अवस्थामा शिक्षक दरवन्दीमा हुने कटौतीले प्रत्येक कक्षामा कक्षागत शिक्षक नहुने र बहुकक्षा शिक्षण गर्नु पर्ने अवस्था हुन्छ भन्ने कुरा प्र.अ., शिक्षक अभिभावकहरूले बताउनु भयो । यस पक्षमा ११.७५ प्रतिशतको राय व्यक्त भएको छ । प्राथमिक तहमा कक्षागत शिक्षणका लागि शैक्षिक सामाग्री महत्वपूर्ण साधन हो । सरकारी तवरबाट आउने अनुदान घट्न गए पछि विद्यालयले खरिद गरेर ल्याउने सामग्री ल्याउन नसक्ने अवस्थामा जानाले विद्यालयमा सिकाई सामाग्रीहरूको अभाव हुने देखिन्छ भन्ने राय नगन्य रुपमा व्यक्त भयो ।

शोधकर्ताले स्थलगत भ्रमणका क्रममा प्रश्नावली बनाई नमुनामा परेका विद्यालयहरूबाट २/२ जना शिक्षकहरूलाई प्रश्नावली दिई उत्तर लिने प्रयास गरिएको छ । जसमा शिक्षकहरूलाई विगत वर्षको तुलनामा के विद्यार्थी भर्ना घट्दै गएको छ ? भन्दा प्राय शिक्षकहरूले भर्नादर घटेको स्वीकार्नु भएको छ । यसैगरी के कारणले विद्यार्थी भर्ना घटेको छ ? भन्ने जिज्ञासामा मिश्रित प्रतिक्रिया रहेको छ । धेरैजसो शिक्षकले अभिभावकहरूको आकर्षण बोर्डिङ तर्फ भएका कारण भन्ने उत्तर दिनु भएको छ भने केहिले सामुदायिक

विद्यालयको प्राथमिक तहमा सिकाइको राम्रो व्यवस्था नभएर पनि भर्नादर न्यून भएको भन्ने उत्तर आएको छ भने सेवा क्षेत्रमा विद्यालय उमेर समूहका बालबालिका कम भएकै कारण विद्यार्थी भर्नादर न्यून भएको बताएका छन् । यसरी भर्नादर घट्नाले शिक्षक दरबन्दी घट्ने, शिक्षण सिकाइ व्यवस्थापनमा विभिन्न असरहरू देखापर्ने बताउनु हुन्छ । यसरी घटिरहेको भर्नादर बढाउन अभिभावकहरूको बोडिङ तर्फको आकर्षण घटाउन विद्यालयहरूमा नै थप व्यवस्थापन गर्ने कुरामा जोड दिएको पाइन्छ ।

कतिपय अभिभावकहरूले राम्रो पढाइ नभएकाले लगेको, कतिपयले घरमा काम भएकाले विद्यालय नपठाएका उत्तर दिएका छन् । वि.व्य.स. पदाधिकारी समेतले भर्नादरको बारेमा अनविज्ञता जाहेर गरे । उनीहरूले विद्यालयमा सिकाइको राम्रो वातावरण नभएर पनि आफ्ना नानीहरू बोर्डिङ लगेको स्वीकारे । विद्यालयको सिकाइको वातावरण राम्रो बनाउन सकेमा विद्यार्थीको भर्नादर केही बढ्न सक्ने समेत उल्लेख गरेको पाइयो ।

तालिका ४

विद्यार्थी भर्नादर कम हुनाका कारणहरू

| क्र.स. | शिक्षकहरूबाट अएका उत्तरहरू | नमुना लिएइका कुल समूह | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | संस्थागत विद्यालयप्रतिको आकर्षण | १० | ६ | ६०% |
| २ | सामुदायिक विद्यालयमा विद्यालयको शिक्षण व्यवस्थापन राम्रो नहुनु | १० | १ | १०% |
| ३ | सेवा क्षेत्रभित्र विद्यालय भर्ना उमेर बच्चाहरू कम हुनु | १० | २ | २०% |
| ४ | सामुदायिक प्राथमिक विद्यालयमा शिक्षण सिकाई प्रभावकारी नहुनु | १० | १ | १०% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

प्रस्तुत तालिकामा शिक्षकहरूको उत्तरहरूलाई समेटिएको छ । जसमा संस्थागत विद्यालय प्रति अभिभावकको आकर्षणमा ६ जना शिक्षकहरूको धारणा अर्थात ६० प्रतिशत शिक्षकहरूको धारणा आएको छ भने सामुदायिक प्राथमिक विद्यालय तहमा शिक्षण सिकाइ व्यवस्थापन राम्रो नहुनुमा १० प्रतिशत, प्रभावकारी शिक्षण नहुनुमा १० प्रतिशत र सेवा क्षेत्रभित्र विद्यालय भर्ना उमेर बच्चाहरू कम हुनुमा २० प्रतिशत शिक्षकहरूले आफ्नो सुझाव पेश गर्नु भएको छ ।

यतिले मात्र शोधकार्य स्पष्ट नहुने भएकाले अभिभावकहरूलाई आफ्ना छोराछोरीहरू कस्तो व्यवस्था भएमा सामुदायिक प्राथमिक विद्यालयमा भर्ना गर्नुहुन्छ भन्ने सवालमा प्राप्त जवाफको सुझावबाट प्राप्त तथ्याङ्कको तालिका प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

यसरी उपयुक्त विभिन्न किसिमका व्याख्या विश्लेषण सवाल जवाफमा शिक्षक अभिभावकहरूबाट पाएका सुझावहरूबाटनै शोधकर्ताद्वारा यो निचोड निकालिएको छ कि प्राथमिक तहको विद्यार्थी भर्नादर घट्नुका पछि सामुदायिक प्राथमिक विद्यालयमा अंग्रेजी माध्यम नहुनु र पठन पाठन नियमित नहुनु, संगठित र व्यवस्थित व्यवस्थापन नभएका कारण अभिभावकले आफ्ना बालबालिका संस्थागत विद्यालयतर्फ लैजानु परेको धारणा सबैमा पाइन्छ । यति मात्र होइन पहाडी क्षेत्रमा बस्ती पातलिदै गई सेवा क्षेत्रमा बालबालिकाको संख्या समेत कम भएका कारण भर्नादर न्यून भएको पाइन्छ । यसैगरी वोर्डिङमा पठाइएको बालबालिका पढाइमा सक्षम हुने र सामुदायिक विद्यालयका विद्यार्थी कमजोर हुने कारणले समेत विद्यार्थी भर्नादरलाई प्रभावित गरेको छलफल र भेटघाट क्रमबाट प्रष्ट भएको छ ।

## ४.३ विद्यार्थी भर्ना व्यवस्थापनमा देखापरेका समस्याहरू

### ४.३.१ न्यून भर्नादरले शिक्षक दरबन्दीमा पार्ने प्रभाव

यस प्रश्नको सामाधानका लागि खोटाङ बजार स्रोतकेन्द्रमा नमुनामा परेका सबै विद्यालयहरूमा गएर ती विद्यालयको शिक्षक दरबन्दी सङ्ख्याको स्थितिलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५

विद्यालयको शिक्षक दरबन्दी सङ्ख्याको बिबरण

| क्र. स. | विद्यालय | अघिल्ला वर्षहरूमा प्रा.वि. शिक्षक दरबन्दी | हालका शिक्षक दरबन्दी | दरबन्दीमा असर |
|---|---|---|---|---|
| १ | भ.दि.उ.मा.वि.खोटाङ बजार | ७ | ६ | १ |
| २ | सावाकाली मा.वि. सावाकटहरे | ५ | ५ | - |
| ३ | सावित्रा प्रा.वि. मझुवा | ४ | ३ | १ |
| ४ | सावानागी नि.मा.वि. सावानागी | ४ | ३ | १ |

स्रोतः स्थलगत अध्ययन, २०७२ ।

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यार्थी भर्नादर न्यून भएका कारण प्रत्येक विद्यालयमा कक्षागत हिसावले १-१ दरबन्दी समेत नहुने गरी जि.शि.का. खोटाङले दरबन्दी कायम गरेको छ । के यो दरबन्दी विगतका बर्षहरूमा यति नै थिए कि हाल घटेका हुन् भन्ने प्रश्नहरूको जवाफमा भ.दि.उ.मा.वि., सावित्रा प्रा.वि. र सावानागी नि.मा.वि.का प्र.अ.हरूले आफ्ना विद्यालयको विद्यार्थी भर्ना घटेका कारण क्रमश: १/१ दरबन्दी काटिएको

उल्लेख गर्नु भएको छ। काटिनु अघि ती विद्यालयमा त्रमशः ७, ४/४ दरबन्दी थिए। यसरी विद्यार्थी भर्नादरले शिक्षक दरबन्दी घटी दरबन्दीमा सोझो असर पारेको स्पष्ट गर्न सकिन्छ।

**४.३.२ शिक्षण सिकाइ व्यवस्थापनमा पार्ने असरहरू**

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर न्यून भएका कारण शिक्षक दरबन्दी कटौती भएको विद्यालयको विगत वर्षहरूको र हालको दरबन्दी संख्या हेर्दा प्रष्ट देख्न सकिन्छ।

कक्षा १-५ सम्म ५ वटा कक्षा शिक्षण सिकाई व्यवस्थापन गर्न कम्तिमा ५ जना शिक्षक दरबन्दी रहनु पर्नेमा माथिको तालिका नं. ३ बाट उक्त संख्या देखिदैन। ३ वटा विद्यालयमा विगतमा भएको दरबन्दी समेत कटौती भई घटेको छ। यसबाट नियमित कक्षा सञ्चालन र व्यवस्थापनमा कठिनाई भई सिकाइ व्यवस्थापनमा सोझो असर रहेको विश्लेषण गर्न सकिन्छ।

कुनै विद्यालयमा बाल कक्षा सहयोगी तथा कुनैमा परिचरबाट समेत कक्षा हेर्ने व्यवस्था गरेको प्र.अ.हरू बताउनु हुन्छ। यतिबाट पनि संभव नभएर सि.अ.क. जस्ता विषयहरूमा बहुकक्षा शिक्षण समेत गराएको पाइन्छ। माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा न्यून विद्यार्थी भर्नादरले दरबन्दी समेत कटौती भई कक्षागत शिक्षक पुऱ्याउन नसक्दा शिक्षण सिकाई व्यवस्थापन नराम्ररी प्रभावित भएको निष्कर्ष निकाल्न सकिन्छ।

विद्यालयको स्थलगत अध्ययनको भ्रमणका क्रममा प्र.अ.हरूसँग लिएको अन्तर्वार्ता, छलफल र प्रश्नावलीबाट आएका उत्तरहरूलाई अध्ययन र विश्लेषण गरी केलाउदा हाल सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर क्रमशः घट्दै गएको र त्यसले विद्यालयको शैक्षिक व्यवस्थापनमा नराम्ररी असर पारिरहेको स्वीकार्नु भएको छ। विद्यालयमा विद्यार्थी

भर्ना नियमित रुपमा घट्नुका पछि पातलो बस्ती हुनु, अभिभावकहरूले पनि आफ्नो नानीहरूलाई बोर्डिङमा भर्ना गर्नु जस्ता कारणले विद्यालयमा भर्नादर न्यून भएको छ भन्ने उत्तर प्राप्त भएको छ। यसैगरी शिक्षक दरबन्दीको बारेको सवाल जवाफमा २ जना प्र.अ.हरूले अफ्नो विद्यालयको विद्यार्थी संख्या घटेका कारण दरबन्दी काटिएको बताएका छन्। यसले कक्षा अनुसार शिक्षक नहुनु, आर्थिक अभाव हुनु जस्ता समस्याले शिक्षण सिकाइ व्यवस्थापन नराम्ररी प्रभावित भएको बताएका छन्।

स्वाभाविक रुपमा अभिभावकहरूले आफ्ना बालबालिकाहरू बोर्डिङ तर्फ लगेपछि विद्यालयमा विद्यार्थी सङ्ख्या दिन दिनै घटिरहेको कारण विद्यालयमा हुने शिक्षक दरबन्दी समेत घटेको तथ्याङ्क सङ्कलनका क्रममा प्रष्ट भएको छ। न्यून विद्यार्थी भर्नादरले दरबन्दीमा समेत असर पारेको छ।

विद्यार्थी भर्नादर कम हुनु, शिक्षक दरबन्दी घट्नु जस्ता समस्या अगाडि आउनाले विद्यालयको दैनिक पठन पाठन क्रियाकलाप सञ्चालनमा समेत प्रत्यक्ष प्रभाव परिरहेको देखिन्छ। किनकी कक्षा अनुसार दरबन्दीमा शिक्षक नहुँदा बालकक्षा सहयोगी तथा निजी स्रोतबाट राखिएको शिक्षकको सहयोगबाट तथा बहुकक्षा शिक्षण गरेर विद्यालय संचालन गर्नुपर्ने अवस्था आएको सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूले बताउनु भयो। यसले गर्दा शिक्षण सिकाई व्यवस्थापनमा समेत असर परेको देखियो।

### ४.४ विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापनमा देखापरेका समस्या समाधानका उपायहरू

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्ना घट्दै जाँदा विद्यालय संचालन र व्यवस्थापनमा थुप्रै समस्याहरू आउने कुरा स्थलगत अध्ययन, छलफल, भेटघाटहरूबाट प्रष्ट

भयो । यो समस्याहरूलाई कसरी सामाधान गर्न सकिन्छ भन्ने प्रश्नको जिज्ञासामा अभिभावक, शिक्षक, प्र.अ. र स्रोतव्यक्तिबाट निम्न अनुसारका उपायहरू प्राप्त भएका छन् ।

### ४.४.१ भर्ना अभियान चलाउने

विद्यार्थी भर्नादर न्यून भएका विद्यालयहरूले शैक्षिक सत्रको सुरुमै विभिन्न कारणले विद्यालयमा भर्ना नभइ घरमै रहेका बालबालिकालाई विभिन्न प्रोत्साहन कार्यक्रम साथ भर्ना अभियान चलाई विद्यार्थी भर्नादर बढाउनु पर्दछ ।

### ४.४.२ वैकल्पिक आर्थिक स्रोतको खोजी

सामुदायिक विद्यालयहरूमा विद्यालय सञ्चालनको लागि सरकारी तवरबाट विभिन्न अनुदानहरू आउने र ती अनुदानको बाटोबाट विद्यालयहरू चल्ने गरेको छ । विद्यार्थी भर्ना संख्या घट्दै जाँदा सरकारी अनुदान समेत घट्दै जाने हुनाले विद्यालयहरूले विद्यालयको शिक्षण सिकाइको वातावरण प्रभावकारी बनाउन वैकल्पिक स्रोतहरू समेत खोजी गरिनु पर्दछ ।

### ४.४.३ अङ्ग्रेजी माध्यमका विषय थप गर्ने

विद्यालय समुदायमा रहेका टाठाबाठा अभिभावक र आर्थिक स्थिति राम्रो भएका अभिभावकहरू आफ्ना नानीहरूलाई बोर्डिङतर्फ लाने गरेको पाइएकाले सामुदायिक विद्यालयको प्राथमिक तहमा कमजोर अवस्था रहेका शिक्षण सिकाइ वातावरणलाई संस्थागत विद्यालयको दाँजोमा लगि प्रभावकारी बनाउन सामुदायिक विद्यालयको प्राथमिक तहमानै अङ्ग्रेजी माध्यमका विषयहरू थप गरी शिक्षण सिकाइ गर्न जरुरी देखिन्छ ।

वर्तमान सरकारी नीतिमा परिवर्तन गरी कक्षाका आधारमा शिक्षकको दरबन्दी सृजना गरिनु पर्ने, सामुदायिक विद्यालयको प्राथमिक तहमा अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्न सके मात्र विद्यार्थीहरूको भर्नादर बढाउन सकिने प्र.अ.हरूको राय रहेको छ ।

### ४.४.४ कक्षागत दरवन्दी सृजना गरिनु पर्ने

नेपाल देश आफैमा भौगोलिक रुपमा विकट भएका कारण नेपालका पहाडी, हिमाली बस्तीहरू पातला छन् । जनघनत्व कम छ त्यस कारणले विद्यालय उमेरका बालबालिका कम नै छन् । विद्यालयहरूमा विद्यार्थी स्वाभाविक ढंगले कमी हुने गर्दछ । त्यसैले भर्ना समस्याबाट उत्पन्न हुने अप्ठ्यारालाई सामाधान गर्न विद्यालयमा संचालित कक्षाका आधारमा विद्यालयहरूलाई दरबन्दी दिइनु पर्दछ ।

### ४.४.५ सरकारी अनुदानको नीतिमा परिवर्तन

हाल नेपालका विद्यालयहरूलाई दिइने अनुदानको नीति विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्याको तथ्याङ्कको आधारमा दिइने चलन छ । यस प्रकारका नीतिले थोरै सङ्ख्यामा विद्यार्थी भएका विद्यालयहरू सञ्चालनमा थुप्रै प्रकारका समस्याहरू आउने गर्दछन् । त्यसैले जनसङ्ख्याको आकार वनावट र भौगोलिक अवस्था हेरेर सरकारी अनुदान दिइने नीति अवलम्बन गरिनु जरुरी भएको अध्ययन, छलफल र भेटघाटबाट प्राप्त भएको छ ।

खोटाङ बजार स्रोतकेन्द्रमा नमुनामा परेका विद्यालयका शिक्षकहरू, अभिभावकहरू, वि.व्य.स.का पदाधिकारीहरू र वि.नि./स्रोतव्यक्तिहरूलाई अनुसूचीमा उल्लेख भए बमोजिमका प्रश्नावलीका आधारमा उत्तर खोज्ने प्रयास गर्दा सबैबाट सामुदायिक प्राथमिक विद्यालयमा प्राथमिक तहमा अंग्रेजी जग कमजोर हुने जसका कारण अभिभावकहरूको

आकर्षण बोर्डिङ तर्फ हुने हुँदा सामुदायिक विद्यालयमा प्राथमिक तहमा समेत अंग्रेजी माध्यमको प्रयोग गरी शिक्षण सिकाइको व्यवस्थापन गनुपर्ने धारणा आयो ।

अध्ययनमा परेका अभिभावक मध्येमा ७ जना अथवा ७० प्रतिशत अभिभावकले विद्यलयमा अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था भएमा आफ्ना बालबालिकाहरूलाई सामुदायिक प्राथमिक विद्यालयमा भर्ना गर्ने र अंग्रेजी माध्यम नभएर नै आफ्ना बालबच्चा संस्थागत विद्यालय तर्फ भर्ना गरेको प्रष्ट पार्नु भएको छ । अर्थात् ७० प्रतिशत अभिभावकहरूको सुझाव अंग्रेजी माध्यम तर्फ रहेको छ । त्यसैगरी दक्ष अनुभवी कक्षागत शिक्षक नभएकाले भन्ने प्रश्नमा एक जना अथवा १० प्रतिशत, शिक्षक सिकाइ व्यवस्थापन राम्रो नभएर २ जना अर्थात २० प्रतिशत र अन्य कुनै कारणले भन्नेमा कसैको सुझाव आएन । यसरी माथिको तालिकाबाट सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नादर घट्नुको पछाडि विद्यार्थीहरूलाई अंग्रजी माध्यमको अभाव रहेको र अभिभावकको आकर्षण अंग्रेजी माध्यमको विद्यालयतर्फ रहेको पाइयो ।

यसै गरी शोधकार्यको उद्देश्य स्पष्ट गर्नका लागि विद्यालय व्यवस्थापन समितिका ५ जना पदाधिकारी र प्रधानाध्यापक ५ जनाबाट संकलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण समेत ३ जना व्यवस्थापनका पदाधिकारीहरूले प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना कम हुनका कारणमा अंग्रेजी माध्यममा बालबालिका पढाउन पठाएको कारण बताउनु भएको छ । अर्थात ६० प्रतिशतको सुझाव अंग्रेजी माध्यम तर्फ रहेको छ ।

यसका अतिरिक्त विद्यार्थी भर्नादर बढाउन बालमैत्रीपूर्ण पठनपाठन, सिकाइका सामग्रीको यथोचित प्रबन्ध, प्रभावकारी कक्षा व्यवस्थापन, तालिमको ज्ञानको कक्षाकोठामा प्रयोग गरिनु पर्ने कुराहरू पनि भेटघाट, छलफल र प्रश्नावलीको उत्तर आउने क्रममा प्राप्त भएका छन् ।

यसरी नियमित रुपमा विद्यार्थी भर्नादर न्यून हुनु, शिक्षक दरबन्दी घट्नु, सिकाइ व्यवस्थापनमा असरहरू देखिनु जस्ता समस्याका लागि महत्वपूर्ण उपाय नै विद्यार्थी भर्नादर बढाउने हो भन्ने कुरा शिक्षक, अभिभावक, वि.व्य.स., प्र.अ. तथा स्रोतव्यक्ति र वि.नि.सँगको छलफलबाट सुझावहरू प्राप्त भयो । त्यसका लागि अहिले चलिरहेको नेपाली माध्यमलाई केही परिवर्तन गरी स्थानीय परिवर्तन अनुसार वोर्डिङ तर्फको झुकाव अभिभावकको चाहना पूरा गर्ने गरी अंग्रेजी माध्यममा कक्षा सञ्चालन वा अंग्रेजी माध्यमका विषयहरू थप गरी कक्षा संचालन गर्ने, कक्षा व्यवस्थापन राम्रो गर्ने, सिकाइका सामग्रीहरू आवश्यकता अनुसार व्यवस्थापन गर्ने र शिक्षकले लिएको तालिमको सीप र ज्ञानलाई कक्षाकोठामा प्रयोग गर्ने जस्ता महत्वपूर्ण सुझावहरू तथ्याङ्क संकलनका क्रममा प्राप्त भयो ।

टायलर (१८५६-१९१७) का अनुसार संघ संस्थामा उत्पादन बढाउन त्यहाँ काम गर्ने कामदारको कार्यक्षमता बढाउनु पर्छ । त्यसका लागि बैज्ञानिक तरिकाले अवलोकन, मूल्याङ्कन, परिक्षण, निचोड जस्ता तत्वहरू कार्यान्वयन गराउनु पर्छ । प्रत्येक कामदारको कार्यक्षमता बढाउन परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ । व्यवस्थापक र कामदार वीच आत्मीय सहयोग स्थापित गर्नुपर्छ भन्ने सिद्वान्तलाई हेर्दा प्राथमिक विद्यालयका शिक्षकहरूमा कार्यक्षमता कमी भएका कारण विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर भएको देखिन्छ । त्यसैले टायलरका अनुसार शिक्षकको कार्य क्षमता बढाउन जरुरी छ । संस्थागत विद्यालयमा शिक्षकहरूको कार्यक्षमता बढिरहेका कारण शैक्षिक उपलब्धि बढिरहेको देखिन्छ जसलाई टेलरको सिद्वान्तले सामुदायिक विद्यालयको परम्परागत कार्यशैली परिवर्तन गरी बैज्ञानिक कार्यशैली अपनाउनु पर्ने देखिन्छ । त्यस्तै फोलेट (१८६८-१९३३) का अनुसार उत्पादन बढाउने भावना र चाहना बुझेर कामदार प्रशासक विचमा

मानवीय सम्बन्ध बढाउनु पर्दछ। विभिन्न मनमुटाव कलह समाप्त पार्नु पर्दछ। मानवीय सम्बन्ध विकासका लागि सम्बन्धित अधिकारीले कामदार सङख्या, उनीहरूको विचार, काम गर्ने तरिका वोध गरी अष्पष्ट भएका कुरा स्पष्ट पार्नु पर्दछ। यहाँ फोलेटका सिद्वान्तसँग कामदारको संख्या बढाउने, काम गर्ने तरिका स्पष्ट गर्ने कुरा सामुदायिक विद्यालयको प्राथमिक तहमा हेर्न सकिन्छ। किनकी प्राथमिक तहमा कामदारको रुपमा रहेका शिक्षकहरूको संख्या कम छ, कामको स्पष्टता छैन। त्यसलाई सामुदायिक विद्यालयको प्राथमिक तहमा शिक्षकको संख्या बढाउने र कार्य स्पष्टता गर्ने कुरा व्यवस्थापनको फोलेटको सिद्वान्तसँग मेल खान्छ।

# परिच्छेद : पाँच

## निष्कर्ष तथा सुझावहरू

### ५.१ निष्कर्ष

यो अध्ययन खोटाङ जिल्लाको खोटाङ बजार स्रोतकेन्द्रका सामुदायिक विद्यालयका प्राथमिक तहमा विद्यार्थी भर्नाको न्यूनताले व्यवस्थापनमा पारेको प्रभावको पहिचान गर्ने उद्देश्यले गरिएको हो । यस कार्यका लागि खोटाङ बजार स्रोतकेन्द्रका सरकारी स्वीकृत प्राप्त विद्यालयको मात्र अध्ययन गरिएको छ । यसका लागि खोटाङ स्रोतकेन्द्रका सम्पूर्ण अभिभावकहरू, शिक्षकहरू, प्र.अ. र विद्यालयहरू मध्येबाट सामान्य सम्भावनायुक्त नमुनाका आधारमा ४ वटा विद्यालयहरूलाई लिइएको छ । यिनै ४ वटा विद्यालय मध्येबाट २/२ जना अभिभावकहरूका दरले ८ जना अभिभावकहरू, २/२ जना शिक्षकका दरले ८ जना र १/१ जना प्र.अ.हरूबाट ४ जना, वि.व्य.स. पदाधिकारी र स्रोतव्यक्तिबाट समस्याको सामाधान खोज्ने प्रयास गरिएको छ । यिनै नमुनामा लिइएका शिक्षक र अभिभावकलाई अन्तरवार्ता, प्रश्नावलीहरू, अवलोकन फारम तथा समूह छलफल निर्देशिका तयार पारेर तिनीहरूबाट आएका उत्तरहरूलाई अध्ययन र विश्लेषण गरी प्राप्त भएका प्रमुख निष्कर्षलाई निम्नानुसार सूचीबद्ध गरिएको छ ।

सामुदायिक विद्यालयको प्राथमिक तहमा हाल लागु भएका पाठ्यपुस्तकहरू एउटा अंग्रेजी बाहेक अरु नेपाली माध्यममा भएको हुनाले त्यसको माध्यमबाट अधिकांश विद्यार्थीहरू शुरुबाट नै अङ्ग्रेजीमा कमजोर हुने र माथिल्लो कक्षाहरूमा अंग्रेजीमा कमजोर हुने विद्यार्थीहरू अंग्रेजी विषयमा अनुत्तीर्ण हुदै जानाले अंग्रेजी विषयमा राम्रो दक्षता हाँसिल

गराउनका लागि पनि अभिभावकहरूको चासो सामुदायिक प्रा.वि.मा भन्दा संस्थागत बोर्डिङ तर्फ आकर्षित भएको पाइयो ।

सामुदायिक प्राथमिक विद्यालयको तुलनामा विद्यार्थीको पठनपाठनमा नियमितता, अनुशासन तथा समयको सदुपयोग भएकै कारण पनि लगानी गरेरै भए पनि अभिभावकले आफ्नो बालबच्चालाई बोर्डिङ तर्फ भर्ना गरेको पाइयो । भौगोलिक रुपले विकट, दुर्गम र पहाडी इलाकाबाट सुविधाका लागि अभिभावकहरू सदरमुकाम वा सहर तराई तिर पलायन भै बस्ती पातलिएर पनि सेवा क्षेत्रका उमेरका बालबालिका घट्न गई विद्यार्थी भर्नादर कम भएको पाइयो ।

सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूका निमित्त पर्याप्त खेल सामाग्री नहुनु, खेलमैदान व्यवस्थित नहुनु, खेलेर सिक्ने आवसर नहुनाले समेत विद्यार्थी भर्नादरमा असर परेको देखिन्छ । सामुदायिक विद्यालयहरूमा अभिभावकहरूको प्रत्यक्ष लगानी नभएका कारण उनीहरूको चासो विद्यालय प्रति कम रहेको छ भने बोर्डिङ तर्फ अभिभावकहरूको प्रत्यक्ष लगानी भएकाले बढी चासो दिएकाले पनि बालबालिकाहरू सिकाइमा सक्षम हुने देखियो जसका कारण पनि सामुदयिक विद्यालयमा विद्यार्थी भर्नादर कम भएको पाइयो । यसैगरी सामुदायिक विद्यालयहरूमा विद्यार्थी व्यवस्थापन चुस्त दुरुस्त पारदर्शी नभएका कारण विद्यार्थी भर्ना घटेको पाइन्छ ।

सामुदायिक विद्यालयहरूको प्राथमिक तहमा अंग्रेजी, गणित जस्ता महत्वपूर्ण विषयहरूमा अंग्रेजी माध्यमको प्रयोग भएको पाइएन । सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्ना व्यवस्थापन राम्रो नभएकाले पढाइको प्रगति हुन्छ भन्ने कुरामा अभिभावक ढुक्क नभएको पाइयो । अभिभावकहरूमा सामुदायिक विद्यालयहरूमा अंग्रेजी जग कमजोर हुन्छ

भन्ने धारणा रहेको पाइयो । राम्रो पढाइको आशामा सक्ने अभिभावकहरूले टाढै लगेर भए पनि बोर्डिङ नै लगेर पढाउने इच्छा राखेको पाइयो । विद्यालयमा विद्यार्थी भर्नादर घटिरहेको विद्यालयको व्यवस्थापन लगायत विविध क्षेत्रमा गम्भिर असर हुने देखियो ।

विद्यालयमा कार्यरत शिक्षकहरूको कार्यक्षमता कमजोर भएकाले कार्य क्षमतामा समेत थप सुधार गर्नुपर्ने देखियो । शिक्षकहरूलाई शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका विभिन्न तालिमहरूबाट प्राप्त ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गर्न जोड दिइनु पर्ने आवश्यकता देखियो । सामुदायिक विद्यालयहरूको प्राथमिक तह विद्यालयको जग नै भएकाले प्राथमिक तहलाई स्रोत र साधन सम्पन्न बनाई क्रियाकलापमुखी तथा बालमैत्रीपूर्ण शिक्षण गर्नु आवश्यक छ । सामुदायिक विद्यालयहरू हालसम्म स्रोत र साधनले सम्पन्न देखिदैनन् । विद्यालयले सेवा क्षेत्रका अभिभावकहरूको चाहना बमोजिमको सेवा प्रदान गर्न नसकिरहेको देखिन्छ जसले भर्नादरमा प्रभाव पारेको देखिन्छ । विद्यालयहरू आधुनिक सुविधा विहिन भएको कारण अभिभावकले सुविधायुक्त विधालयको खोजी गरी बालबालिका भर्ना गरेको देखिन्छ । सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थीहरूको सिकाइ उपलब्धि संस्थागत विद्यालयको विद्यार्थीको तुलनामा कमजोर हुदा समेत भर्नादर घटी विद्यालय व्यवस्थापनमा गम्भिर असर परेको छ ।

## ५.२ सुझावहरू

जुन उद्देश्यबाट सामुदायिक विद्यालयहरू स्थापना भए त्यस अनुसार सामुदायिक विद्यालयहरूले शैक्षिक उपलब्धि हासिल गराउन नसकिरहेको र विद्यालयको सम्पूर्ण पक्षमा नकारात्मक प्रभाव परिरहेकाले यसमा सुधार गरी समय अनुसार उपलब्धि हासिल गर्न के गर्नु पर्ला ? विद्यार्थी भर्ना अध्ययनको क्रममा सुझावहरू मागिएको थियो । उक्त सुझावहरू

तथा शोधकर्ता स्वयम्ले अध्ययनका क्रममा देखेका तथ्यहरूको आधारमा सामुदायिक विद्यालयहरूको प्राथमिक तहमा भर्नादर बढाई विद्यालय व्यवस्थापनमा सकारात्मक सुधारहरू ल्याउनका निम्ति निम्न सुझावहरू दिइएको छ -

### ५.२.१ नीतिगत तह

क. हाल संचालित सामुदायिक र संस्थागत विद्यालयका कारण विद्यार्थी भर्नाको अवस्था परिवर्तन भई संस्थागत विद्यालयमा बढ्ने र सामुदायिक विद्यालयमा घट्ने देखिएकाले हाल संचालित विद्यालयहरूको संरचना एकै खालको बनाई एउटै स्तरको पाठ्क्रम र पाठ्यपुस्तकहरू समावेश गर्न नीति तर्जुमा हुनु पर्दछ।

ख. वर्तमान अवस्थामा संचालित सामुदायिक प्राथमिक विद्यालयहरूमा समेत अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने प्रयास गरेमा पनि विद्यार्थी भर्नादर बढी शिक्षक दरबन्दीमा असर नपर्ने नीति तर्जुमा गरिनु पर्दछ।

ग. वर्तमान अवस्थामा कमजोर पूर्वाधारमा चलिरहेका सामुदायिक विद्यालयहरूलाई साधन स्रोत सम्पन्न बनाई राम्रो शैक्षिक वातावरण सृजना गरिनु पर्दछ।

घ. विद्यालयहरूमा गरिने वर्तमान निरीक्षण र अनुगमन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने नीति बनाउनु पर्दछ।

ङ. शिक्षकहरूलाई आफ्नो पेशाप्रति समर्पित र लगनशील बनाई उनीहरूलाई वृति विकासको प्रर्याप्त अवसर दिई कक्षा शिक्षण बालमैत्री गराउने नीतिको तर्जुमा गर्नु आवश्यक देखिन्छ।

च. विद्यालय परिवार र अभिभावकको सम्बन्ध सुधार गरी विविध कार्यक्रम मार्फत् संस्थागत विद्यालयको भन्दा राम्रो उपलब्धि सामुदायिक विद्यालयबाट बालबालिकाले लिन सक्छन् भन्ने धारणा अभिभावकहरूमा विकास गराउने नीतिको तर्जुमा गर्नु आवश्यक छ ।

**५.२.२ अभ्यास तह**

क. शिक्षकहरूलाई दिइएको विभिन्न किसिमको तालिम ज्ञान सीपहरूलाई कक्षा कोठमा प्रयोग गर्ने वातावरण सृजना गरिनु पर्दछ ।

ख. हालमा शिक्षा ऐनमा व्यवस्था भएको विद्यार्थी संख्याको आधारमा दरबन्दी सृजना गरी विद्यालयहरूलाई दिइने प्रथालाई तोडी विद्यालयमा चलिरहेका कक्षाका आधारमा कक्षागत दरबन्दी सृजना गरिनु आवश्यक छ ।

ग. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको विद्यालयको दैनिक कार्य सञ्चालन, कक्षा संचालन, शिक्षण सिकाई प्रक्रिया र विद्यालय व्यवस्थापनका हरेक पक्षहरूमा अभिभावक शिक्षकहरूसँग छलफल र बैठकहरू संचालन गरी आएका सुझाहरूलाई विद्यालयको क्षमता र सुविधाले भ्याए सम्म कार्यन्वयन गरी पुरानो पद्वती र शैलीलाई तोडी समयका माग अनुसारको शिक्षण सिकाइ वातावरण सृजना गर्ने कुरामा ध्यान दिन आवश्यक छ ।

घ. उच्च शैक्षिक उपलब्धि हासिल गर्न विद्यालयमा विद्यार्थी भर्नादर बढाउन र विद्यालयको व्यवस्थापन मजबुत बनाउन विद्यालय हाताभित्र घेराबारा, खेलमैदान र सिकाइका सामग्रीहरू समेतको व्यवस्था गरी विद्यालयलाई पढौँ पढौँ लाग्ने अवस्थामा पुऱ्याउने हर प्रकारले विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू र प्र.अ.ले अभिभावकको साथ लिई अगाडि बढ्नु आवश्यक देखिन्छ ।

**५.२.३ अनुसन्धान तह**

क. सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर कम हुदै जाँदा देखापरेका गम्भीर विषयका सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

ख. सामुदायिक विद्यालयको विद्यार्थी भर्नामा प्रभाव पार्ने तत्वहरूका सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

ग. सामुदायिक विद्यालयमा विद्यार्थी व्यवस्थापनबाट सामाजिक तथा आर्थिक क्षेत्रमा परेको असर सम्बन्धमा थप अनुसन्धान सञ्चालन गर्न सकिन्छ ।

घ. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अनुपात तथा शैक्षिक उपलब्धिका सम्बन्धमा थप अनुसन्धान गर्न सकिन्छ ।

## सन्दर्भसूची

काफ्ले, वासुदेव, र अधिकारी, किसानप्रसाद (२०६४), **शिक्षाको वित्तशास्त्र**, काठमाडौँ : सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

काफ्ले, वासुदेव र अन्य (२०५९), **शैक्षिक प्रशासन र सुपरिवेक्षण,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र निरौला, यादवचन्द्र (२०६३), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

घिमिरे, जनार्दन (३०६३), **परिचयात्मक शिक्षा**, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

ढुंगाना, जीवनकुमार (२०५८), **नेपालमा आधारभुत तथा प्राथमिक शिक्षाको विकास**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

**प्राथमिक विद्यालय व्यवस्थापन तालिम पुस्तिका (२०५९),** प्रधानाध्यापकहरुका लागि अधारभुत प्राथमिक शिक्षा शाखा, सानोठिमी भक्तपुर ।

राई, राजधन (२०६९), **सामुदायिक बिद्यालयको शैक्षणिक सुधारमा प्रधानाध्यापकको भूमिका** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

सिटौला, बेणुप्रसाद (२०६४), **विद्यालय ब्यवस्थापनमा समुदायको भूमिका** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), पूर्वाञ्चल विश्व विद्यालय, लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती, नवलपरासी ।

सोपान मासिक (२०६१), **अन्तर्राष्ट्रिय शैक्षिक मञ्च**, काठमाडौँ : सोपान मासिकको कार्यालय, अनामनगर ।

सेरिड (२०६१), **फर्मेटिभ अनुसन्धान परियोजना,** कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

शर्मा, कुवेरनाथ (२०६३), **शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, चिरन्जीवी र निर्मला (२०६५), **शैक्षणिक विधि**, काठमाडौँ : एम के पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

**शिक्षा ऐन तथा नियमावली (२०५९),** काठमाडौँ ।

**शिक्षा विभागद्वारा गरिएको अध्ययनको प्रतिवेदन (२०६२, ०६३),** सानोठिमी, भक्तपुर : अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा ।

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची १

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि शिक्षकहरुका निम्ति बनाइएका अन्तरवार्ता सम्बन्धी प्रश्नहरू

विद्यालयको नाम : शिक्षकको नाम :

शैक्षिक योग्यता :

लिङ्ग............ उमेर ............शिक्षण अनुभव वर्ष

१. विद्यार्थी भर्नाको स्थिति के छ ?

२. विद्यार्थी भर्ना नियमित घट्नुको पछाडी के कारणले प्रभाव पारेको छ ?

३. विद्यार्थी भर्ना न्यून भई रहदा विद्यालयको शिक्षक दरबन्दीमा असर पर्छ वा पर्दैन ? वताई दिनु हुन्छ कि ?

४. न्यून विद्यार्थी भर्नाले शिक्षक दरवन्दी घट्छ वा घट्दैन ?

५. तपाईको विद्यालयमा नियमित भर्नादर घटिरहेको छ यसरी भर्नादर घटिरहदा तपाईंलाई शिक्षण सिकाईको व्यवस्थापनमा समस्या आएको छ वा आएको छैन ? आएको भए कस्तो समस्या महशुस गर्नु भएको छ ?

६. नियमित रुपमा भर्नादर घटिरहदा भर्नादर बढाउने कुनै प्रयास गर्नु भएको छ वा छैन ? छ भने के गर्नु भएको छ ? वताई दिनु हुन्छ कि ?

७. सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी भर्नाको चाप बढाउने कुनै नयाँ सोच तपाईसँग छ कि ? छ भने उल्लेख गरिदिनु हुन्छ कि ?

८. तपाईहरु कहिले काँही गाँउघर तिर घुमेर पनि विद्यार्थी जम्मा गर्नु भएको छ ?

९. तपाईहरु अभिभावकसँग भेटघाटको लागि गाँउघरमा जानु हुन्छ वा अभिभावकलाई बोलाउनु हुन्छ ?

१०. तपाईंहरु शिक्षकको तर्फबाट विद्यार्थी भर्नाका लागि यस गाउँमा शैक्षिक चेतना वृद्धिका लागि केहि पहल गर्नु भएको छ ?

११. यदि चेतना वृद्धिका लागि कार्य गर्नु भएको भए त्यसबाट के कस्ता परिणाम प्राप्त गर्नु भयो ?

१२. तपाईंको विद्यालयमा विद्यार्थी भर्ना वृद्धिका लागि तपाईंको विचारमा के गर्नुपर्छ जस्तो लाग्छ ? सुझाव दिनुहोला ।

१३. विद्यार्थी भर्ना न्यून हुनका पछि कुन चाहि कारण महत्वपूर्ण भए जस्तो तपाईंलाई लाग्छ ?

१४. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवाकि, शैक्षिक, अन्धविश्वास, वोडिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द मध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

१५. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या कुनलाई मुख्य ठान्नु हुन्छ ?

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची २

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि अभिभावकहरुका निम्ति बनाइएका अन्तरवार्ता सम्बन्धी प्रश्नहरु

जिल्ला……………… गा.वि.स……………

वडा नं……………………. टोल………………………

लिङ्ग……………… शैक्षिक योग्यता………. पेशा……..

१.तपाईंको छोराछोरी कति छन् ?

२.छोराछोरी सबैलाई विद्यालय पठाउनु भएको छ कि छैन ?

३. छोराछोरीहरुलाई सामुदायिक वा संस्थागत कहाँ भर्ना गर्नु भएको छ ?

४. छोराछोरीहरुलाइ नजिकैको सामुदायिक प्रा.वि. मा नपठाई किन अन्यत्र पठाउनु भएको हो ?

५.तपाईंले आफ्ना छोराछोरीलाई नजिकैको प्रा.वि.मा कस्तो व्यवस्था भएमा भर्ना गर्नु हुन्छ ?

६. तपाईंले सामुदायिक विद्यालयमा आफ्ना छोराछोरीहरु भर्ना नगर्दा उक्त विद्यालयमा असर भएको देख्नु भएको छ वा छैन ?

७. विद्यालयमा विद्यार्थी भर्ना न्यून हुदा कस्तो कस्तो असर परेको देख्नु हुन्छ ?

८. सामुदायिक विद्यालयमा के के सुधार गरेको खण्डमा संस्थागत विद्यालयको जस्तो शिक्षण सिकाइ व्यवस्थापन हुन सक्ला ? सुझाव दिनु हुन्छ कि ?

९. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवाकि, शैक्षिक, अन्धविश्वास, वोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द्वमध्ये तपाई कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

१०. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या कुनलाई मुख्य ठान्नु हुन्छ ?

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ३

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि शिक्षकहरुका निम्ति बनाइएका प्रश्नावली

विद्यालयको नाम : शिक्षकको नाम :

शैक्षिक योग्यता :

लिङ्ग............ उमेर ............शिक्षण अनुभव वर्ष

**उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन अनुरोध छ।**

१. विद्यार्थी भर्नाको स्थिति के छ ?

२. विद्यार्थी भर्ना नियमित घट्नुको पछाडि के कारणले प्रभाव पारेको छ ?

क) संस्थागत विद्यालय प्रतिको आकर्षण

ख) सामुदायिका विद्यालयमा विद्यालयको व्यवस्थापन राम्रो नहुनु

ग) सामुदायिक विद्यालयमा शिक्षण सिकाइ प्रभावकारी नहुनु

घ) विद्यालय भर्ना हुने वच्चाहरु समुदायमा कम हुनु

ङ) माथिका सबै कारणहरु

३. विद्यार्थी भर्ना न्यून भइरहदा विद्यालयको शिक्षक दरबन्दीमा असर पर्छ वा पर्दैन ?

क.पर्छ ख.पर्दैन

४. न्यून विद्यार्थी भर्नाले शिक्षक दरवन्दी घट्छ वा घट्दैन ?

क. घट्छ ख.घट्दैन

५. तपाईको विद्यालयमा नियमित भर्नादर घटिरहेको छ यसरी भर्नादर घटिरहदा तपाईंलाई शिक्षण सिकाइको व्यवस्थापनमा समस्या आएको छ वा छैन ? आएको भए कस्तो समस्या महशुस गर्नु भएको छ ?

६. नियमित रुपमा भर्नादर घटिरहदा भर्नादर बढाउने कुनै प्रयास गर्नु भएको छ वा छैन ? छ भने के गर्नु भएको छ ? वताई दिनु हुन्छ कि ?

७. सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यर्थी भर्नाको चाप बढाउने कुनै नयाँ सोच तपाई सँग छ कि ? छ भने उल्लेख गरीदिनु हुन्छ कि ?

८. तपाईहरु कहिले काहीँ गाँउघर तिर घुमेर पनि विद्यार्थी जम्मा गर्नु भएको छ ?

क. छ　　　　　　ख. छैन

९. तपाईहरु अभिभावकसँग भेटघाटका लागि गाँउघरमा जानु हुन्छ वा अभिभावकलाई बोलाउनु　हुन्छ ?

क. स्वयं आउछन्　　ख. बोलाउनु पर्छ　　ग. बोलाउदा पनि आउदैनन्

१०. तपाईंहरु शिक्षकको तर्फबाट विद्यार्थी भर्नाका लागि यस गाँउमा शैक्षिक चेतना वृद्धिका लागि केहि पहल गर्नु भएको छ ?

क. छ　　　　　　ख. छैन

११. यदि चेतना वृद्धिका लागि कार्य गर्नु भएको भए त्यसबाट के कस्ता परिणाम प्राप्त गर्नु भयो ?

क.

ख.

ग.

१२. विद्यालयमा विद्यार्थी भर्ना वृद्धिका लागि तपाईंको विचारमा के गर्नु पर्छ जस्तो लाग्छ ? सुझाव दिनुहोला ।

क.　　　　　　ख.

१३. विद्यार्थी भर्ना न्यून हुनका पछि तलका मध्ये कुन चाहि कारण महत्वपूर्ण भए जस्तो तपाईंलाई  लाग्छ ?

क. शिक्षक दरवन्दीको अभाव हुनु

ख. विद्यालयमा दक्ष शिक्षक नभएकाले

ग. नियमित पठनपाठन नहुने भएकाले

घ. विद्यालय टाढा भएकाले

ङ. विद्यालय प्रशासनले राम्रो शैक्षणिक व्यवस्थापन नगरेकाले

च. अन्य केहि कारण भए

१४. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, वोडिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द्वमध्ये तपाई कुनलाई मुख्य कारण ठान्नुहुन्छ ?

१५. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या तलका मध्ये कुनलाई मुख्य ठान्नु हुन्छ ?

क. शिक्षक दरवन्दी घट्ने          ख. प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी          ग. शिक्षण सिकाइ सामाग्रीको अभाव

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ४

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि अभिभावकहरुका निम्ति बनाइएका प्रश्नावली

**उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन अनुरोध छ।**

जिल्ला.................. गा.वि.स.................

वडा नं.......................... टोल...........................

लिङ्ग................... शैक्षिक योग्यता........... पेशा........

१. तपाईको छोरा छोरी कति छन् ?

क. छोरा ख. छोरी

२.छोरा छोरी सबैलाई विद्यालय पठाउनु भएको छ कि छैन ?

३. छोराछोरीहरुलाई सामुदायिक वा संस्थागत कहाँ भर्ना गर्नु भएको छ ?

४. छोराछोरीहरुलाइ नजिकैको सामुदायिक प्रा.वि. मा नपठाई किन अन्यत्र पठाउनु भएको हो ?

५.तपाईले आफ्ना छोराछोरीलाई नजिकैको प्रा.वि.मा कस्तो व्यवस्था भएमा भर्ना गर्नु हुन्छ ?

क. अङ्ग्रेजी माध्यम भएमा
ख. कक्षागत दक्ष र अनुभवी शिक्षक भएमा
ग. शिक्षण सिकाई व्यवस्थापन राम्रो भएमा

६. तपाईले सामुदायिक विद्यालयमा आफ्ना छोराछोरीहरु भर्ना नगर्दा उक्त विद्यालयमा असर भएको देख्नु भएको छ वा छैन ?

क. छ ख. छैन

७. विद्यालयमा विद्यार्थी भर्ना न्यून हुँदा कस्तो कस्तो असर परेको देख्नु हुन्छ ?

क. शिक्षक दरबन्दीमा प्रभाव पारेको छ ।

ख. कक्षा व्यवस्थापनमा प्रभाव पारेको छ ।

ग. शिक्षण सिकाइ व्यवस्थापनमा प्रभाव पारेको छ ।

८. सामुदायिक विद्यालयमा के के सुधार गरेको खण्डमा संस्थागत विद्यालयको जस्तो शिक्षण सिकाइ व्यवस्थापन हुन सक्ला ? सुझाव दिनुहुन्छ कि ?

९. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, वोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द्वमध्ये तपाईं कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

१०. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये तलका मध्ये कुनलाई मुख्य ठान्नु हुन्छ ?

क. शिक्षक दरवन्दी घट्ने ख.प्रति बच्चा अनुदान घट्ने

ग. कक्षागत शिक्षकको कमी ग. शिक्षण सिकाई सामाग्रीको अभाव

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ५

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि वि.व्य.स.का निम्ति बनाइएका प्रश्नावली

जिल्ला..................गा.वि.स.................वडा नं.........टोल...........................

लिङ्ग..................          शैक्षिक योग्यता..................पेशा........

विद्यालय .......................................

**उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन अनुरोध छ।**

१. तपाईं यस विद्यालय व्यवस्थापन समितिमा रहनु भएको कति भयो ?

२. तपाईं विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/सदस्य भए यता प्राथमिक तहको विद्यार्थी भर्ना घटेको वा बढेको कस्तो देख्नु भएको छ ?

३. प्राथमिक तहमा क्रमशः विद्यार्थी घट्दै जानुको पछि तपाईंले कुनकुन कारण देख्नुभएको छ ?

४. तपाईंको विद्यालयमा विद्यार्थी भर्नाको न्यूनताले शिक्षक दरवन्दीमा कस्तो असर परेको छ ?

५. विद्यार्थी भर्नाको न्यूनताले शिक्षण सिकाइ व्यवस्थापनमा असर परेको छ वा छैन ?

६. विद्यार्थी भर्ना घटिरहनुका पछि अन्य कुनै कारणहरु देख्नु भएको छ कि ?

७. विद्यार्थी भर्नादर बढाउन के के उपायहरु अपनाउनु भएको छ ?

८. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, वोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द्वमध्ये तपाईं कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

९. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये कुनलाई मुख्य ठान्नु हुन्छ ?

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ६

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि प्रधानाध्यापकका निम्ति बनाइएका प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्र.अ.को नाम : ठेगाना :

शैक्षिक योग्यता : लिङ्ग :

तालिम : अवधि :

तालिम दिने संस्था : विद्यालय शिक्षक सङ्ख्या :

विद्यालय संचालित कक्षा :

उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन ।

१. व्यवस्थापन सम्बन्धी तालिम लिनुभएको छ ?

२. प्र.अ. हुनु पूर्व शिक्षकको रुपमा काम गर्नुभएको थियो कि थिएन ?

३. प्र.अ. हुनु पूर्व शिक्षक भएर काम गरेको भए कति वर्ष काम गर्नुभयो ?

४. प्र.अ. को रुपमा काम गरेको कति वर्ष भयो ?

५. तपाईंको विद्यालयमा प्राथमिक तहमा विद्यार्थी भर्नादरको स्थिति कस्तो छ ?

६.विद्यार्थी भर्नादर घटिरहेको छ भने के–के कारणले विद्यार्थी भर्ना घटेको होला ? कारणहरु वताईदिनु हुन्छ कि ?

७. विद्यार्थी भर्ना न्यून भएका कारण तपाईंको विद्यालयमा शिक्षक दरवन्दी घटेको छ वा छैन ?

८. विद्यार्थी भर्ना न्यून भएका कारण सिकाइ व्यवस्थापनमा कस्तो असर परेको छ ?

९. विद्यार्थी भर्नादर बढाउने कुनै उपायहरु लगाउनु भएको भए कस्ता उपायहरु लगाउनु भएको छ ?

१०. विद्यालयमा विद्यार्थी भर्नादर न्यून भइरहे त्यसलाई समाधान गर्न के–के सुधारका उपायहरु

अवलम्वन गर्न सके भर्नादर बढाउन सकिएला ?

११. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक, अन्धविश्वास, वोर्डिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द्वमध्ये तपाईं कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

१२. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये कुनलाई मुख्य ठान्नु हुन्छ ?

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ७

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि स्रोतव्यक्तिका

निम्ति बनाइएका प्रश्नावली

स्रोत केन्द्र : ठेगाना :

वि.नि. ⁄ स्रोतव्यक्तिको नाम : ठेगाना :

शैक्षिक योग्यता : लिङ्ग :

तालिम :

**उल्लेखित प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याउनु हुन अनुरोध गर्दछु ।**

१. तपाईं यो स्रोतकेन्द्रको स्रोतव्यक्तिका रुपमा कार्य गरेको कति भयो ?

२. तपाईंको स्रोतकेन्द्रका विद्यालयको निरीक्षण अनुगमन नियमित गर्नुहुन्छ ?

३. तपाईंले गर्नुभएको निरीक्षण अनुगमनले प्राथमिक तहका विद्यार्थीहरुको भर्नादर कस्तो पाउनु

भएको छ ?

४. तपाईंको स्रोतकेन्द्रमा विद्यार्थी भर्नामा कमी अउनाको के–के कारणहरु पाउनु भएको छ ?

५. विद्यार्थी न्यून भएका कारण तपाईंको स्रोतकेन्द्रमा विद्यालयको शिक्षक दरवन्दी समेत हेरफेर भएको पाउनु भएको छ ?

६. तपाईंको स्रोतकेन्द्रमा विद्यार्थी भर्नादर न्यून भएका कारणले दरबन्दी समेत कुनै विद्यालयको कटौती भएको पाउनु छ ?

७. शिक्षक दरवन्दी कटौतीले कक्षाको शिक्षण सिकाइ व्यवस्थापनमा कस्तो असर भएको पाउनु भएको छ ?

८. विद्यालयमा घटिरहको विद्यार्थी भर्नादर बढाउन तपाईंले विद्यालयको वि.व्य.स., प्र.अ.तथा शिक्षकहरुलाई के सहयोग सल्लाह दिँदै आउनु भएको छ ?

९. सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी भर्नादर बढाउने कस्ता कस्ता उपाय र सुझावहरु तपाई विद्यालयहरुलाई दिनुहुन्छ ?

१०. विद्यार्थी भर्नामा आर्थिक, सामाजिक, पारिवाकि, शैक्षिक, अन्धविश्वास, वोडिङ्ग तर्फको आकर्षण, सेवा क्षेत्रको जनसङ्ख्या र द्वन्द्वमध्ये तपाईं कुनलाई मुख्य कारण ठान्नु हुन्छ ?

११. विद्यार्थी भर्नादर न्यून हुँदा आउने समस्या मध्ये केलाई मुख्य ठान्नु हुन्छ ?

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

### अनुसूची ८

सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन अध्ययनका लागि तयार पारिएको अवलोकन फारम

विद्यालयको नाम र ठेगाना : : प्र.अ.को नाम :

वि.व्य.स.अध्यक्षको नाम :

**भौतिक पक्ष**

१) कक्षाकोठाको आकार, प्रकार उचित मापदण्ड अनुसार

☐ रहेको ☐ नरहेको

२) कक्षाकोठामा डस्क-बेञ्चको व्यवस्था

☐ पर्याप्त रहेको ☐ अपुग रहेको

३) कक्षाकोठामा कार्पेट, चकटीको व्यवस्था

☐ गरिएको ☐ नगरिएको

४) कक्षाकोठामा सजिलोसँग हिँडडुल गर्ने व्यवस्था

☐ भएको ☐ नभएको

५) कक्षाकोठामा भित्ता लेखन कार्य गरिएको वा नगरिएको ?

☐ गरिएको ☐ नगरिएको

६) कक्षाकोठामा प्रकाश र हावाको व्यवस्था

☐ भएको ☐ नभएको

७) डेस्क-बेञ्चको उचाइ उचित मापदण्ड अनुसार

☐ भएको ☐ नभएको

८) कक्षामा भेन्टिलेसनको व्यवस्था

☐ गरिएको ☐ नगरिएको

९) कक्षाकोठामा फेनको व्यवस्था

☐ गरिएको ☐ नगरिएको

१०) शैक्षिक सामग्रीहरू कहाँ राख्ने गरिएको छ ?

☐ अफिसमा ☐ कक्षाकोठामा

११) कक्षाकोठाको सरसफाइको अवस्था कस्तो छ ?

☐ उत्तम ☐ मध्यम ☐ निम्न

१२) कक्षाकोठामा सुरक्षाको अवस्था कस्तो छ ?

☐ उत्तम ☐ मध्यम ☐ निम्न

१३) कक्षागत बिद्यार्थी भर्ना विवरण

| क्र.सं. | कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | एक | | | |
| २ | दुई | | | |
| ३ | तीन | | | |
| ४ | चार | | | |
| ५ | पाँच | | | |

७) कमजोर विद्यार्थीहरूलाई सहभागी बन्ने अवसर दिइएको

☐ छ ☐ छैन

८) शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूलाई सक्रिय बनाउने प्रयास

☐ गरिएको ☐ नगरिएको

९) विद्यार्थी भर्नाका लागि अपनाइएको प्रचार प्रसार के छ ?

क) ............................... ख) ...................................... ग) ...............................

१०) विद्यार्थी भर्नाका लागि चालिएका कदमहरु सम्बन्धी अवस्था कस्तो छ ?

☐ उत्तम ☐ मध्यम ☐ निम्न

११) अन्य केही भए

.....................................................................................................................

अवलोकनकर्ताको नाम :

हस्ताक्षर :

अवलोकन अवधि : ................................ देखि ............................ सम्म ।

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ९

**विद्यार्थी भर्ना व्यवस्थापनको अध्ययनका लागि तयार पारिएको समूह छलफल निर्देशिका**

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्नाको स्थिति के छ ?

२. विद्यार्थी भर्ना नियमित घट्नुको पछाडि के कारणले प्रभाव पारेको छ ?

३. विद्यार्थी भर्ना न्यून भइरहदा विद्यालयको शिक्षक दरबन्दीमा कस्तो असर परेको छ ?

४. विद्यालयमा नियमित भर्नादर घटिरहेको छ यसरी भर्नादर घटिरहदा शिक्षण सिकाइको व्यवस्थापनमा समस्या आएको छ वा आएको छैन ? आएको भए कस्तो समस्या छ ?

५.नियमित रुपमा भर्नादर घटिरहदा भर्नादर बढाउने उपाय भए/नभएको के छ ?

६. गाँउघर तिर घुमेर पनि विद्यार्थी जम्मा गर्ने कार्यले के कस्तो फाइदा पुऱ्याएको छ ?

७.अभिभावकसँग भेटघाटका लागि समय छुट्याउने गरिएको छ वा छैन ?

८. सरोकारवालाहरुको तर्फबाट विद्यार्थी भर्नाका लागि यस गाँउमा शैक्षिक चेतना वृद्धिका लागि के कस्ता पहलहरु भएका छन् ?

९. यदि चेतना वृद्धिका लागि कार्य भएको भए त्यसबाट के कस्ता परिणाम प्राप्त भए ?

१०.सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना वृद्धिका लागि केके गर्नु पर्छ ?

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची १०

### नमुना जनसङ्ख्यामा परेका विद्यालय प्र.अ. तथा शिक्षकहरुको विवरण

| सि.नं. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षकहरुको नाम | विद्यालय निरीक्षक | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|
| १ | भगवती दिनानाथ उ.मा.वि. खोटाङ वजार | कुमार पराजुली | निर्मल गेलाल<br>संतोष ढकाल | यदुविक्रम थापा | खड्ग ब.राई |
| २ | सावाकाली मा.वि. सावाकटहरे | प्रेमकुमार थापा | राजेश राई<br>सावित्रा मगर | | |
| ३ | सावानागी नि.मा.वि. सावानागी | भरतजङ्ग राई | गोवर्धन श्रेष्ठ<br>कोपिला राई | | |
| ४ | सावित्रा प्रा.वि. मझुवा | बाबुराम पौड्याल | इन्दिरा पौड्याल<br>शान्तकला राई | | |

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची ११

## वि.व्य.स. पदाधिकारी र अभिभावकहरुको नामावली

| सि.नं. | विद्यालयको नाम | वि.व्य.स.पदाधिकारी | अभिभावकहरुको नाम |
|---|---|---|---|
| १ | भगवती दिनानाथ उ.मा.वि. खोटाङ वजार | शिव फूयल | गोविन्द पराजुली<br>कुमार उदास |
| २ | सावाकाली मा.वि. सावाकटहरे | अम्बर ब.राई | प्रकाश कुमार राई<br>रमेश मगर |
| ३ | सावानागी नि.मा.वि. सावानागी | दिलबहादुर मगर | कृष्णकला राई<br>रामकेश राई |
| ४ | सावित्रा प्रा.वि. मझुवा | यादकुमार तामाङ | सुरेश पोखरेल<br>मनसरा तामाङ |

## सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना व्यवस्थापन

## अनुसूची १२

कक्षागत विद्यार्थी विवरण

| क.सं. | विद्यालयको नाम | साल | कक्षागत विद्यार्थी विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | भगवती उच्च मा.वि. खोटाङ बजार | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| | | २०७० | १२१ | ३६ | २७ | २४ | २२ |
| | | २०७१ | ११७ | ३२ | २६ | २५ | २३ |
| | | २०७२ | ८७ | ३७ | ३८ | २२ | २० |
| २ | सावाकाली मा.वि. | २०७० | ५४ | ४२ | ३५ | ३० | २८ |
| | सावाकटहरे | २०७१ | ५१ | ३७ | ३२ | २७ | २२ |
| | | २०७२ | ४८ | ३८ | ३१ | २४ | २० |
| ३ | सावानागी | २०७० | २५ | २० | १७ | २० | १८ |
| | प्रा.वि.सावानागी | २०७१ | २३ | २१ | १५ | १४ | १२ |
| | | २०७२ | २१ | २७ | १५ | १३ | ११ |
| ४ | सावित्रा प्रा.वि. | २०७० | २० | १३ | १२ | १५ | ११ |
| | | २०७१ | १६ | ११ | १२ | १२ | १० |
| | | २०७२ | १४ | १२ | १३ | १० | ९ |